# मिक्वाखोला गाउँपालिका बस्तुगत बिवरण

## ( Mikwakhola Rural Municipality Profile)

**प्रकाशक**

मिक्वाखोला गाउँपालिका  ताप्लेजुङ

१ न. प्रदेश नेपाल

**प्रकाशन मिति**

२०७५ अषाढ

**तथ्याङ्क संङ्कलन, बिष्लेषण, लेखन तथा सम्पादन**

नरेन्द्रप्रसाद कटुवाल परामर्श सेवा ताप्लेजुङ

सम्पादन समुह

नरेन्द्रप्रसाद कटुवाल

हरी पौडेल

**सर्वाधिकार**

मिक्वाखोला गाउँ कार्यपालिकाको कार्यालय

साँवा, ताप्लेजुङ

**फोन नं ०२४**

**Email: mikwakholaruralmunicipality@gmail.com**

**Website: mikwakholamun.gov.np**

मिक्वाखोला गाउँपालिका

# मिक्वाखोला गाउँ कार्यपालिकाको कार्यालय

साँवा, ताप्लेजुङ
१ नं प्रदेश नेपाल

## शुभकामना



मिक्वाखोला गाउँपालिकाको वस्तुगत विवरण तयार पार्ने महत्वपूर्ण जिम्मेवारी पाउनुभएकोमा श्री नरेन्द्र प्रसाद कटुवाल कन्सल्टिङ फर्म लाई बधाई दिन चाहान्छु। आफुले पाएको जिम्मेवारी इमान्दारीताका साथ निर्वाह गर्नु भएको छ भन्ने विश्वास लिएको छू।
कुनै पनि भुगोलको आर्थिक,सामाजिक,साँस्कृतिक,राजनितिक,प्रशासनिक,भौगोलिक तथा वातावरणीय आयामका विभिन्न सुचकहरुको आधारमा तथ्य एवम तथ्याङ्क संकलन र सो को विश्लेषण समेत गर्ने कार्यलाई वुझाउछ। त्यस्तो वस्तुगत विवरण ले सम्वन्धित भूगोलको यथार्थ धरातललाई चित्रण गरेको हुन्छ।ताप्लेजुङ जिल्लाको ९ ओटा स्थानीय तहहरु मध्ये मिक्वाखोला गाउँपालिकाको छुट्टै महत्व रहेको छ। फुङफुङे झरना ,रातो पोखरी, सादुपोखरी, वाम्मा पोखरी ,मानभरा देबी मन्दिर जस्ता ऐतिहासिक क्षेत्रले यो गाउँपालिकालाई सिङगारेको छ। नेपालको संविधानद्धारा निर्देशित राज्यको नयाँ शासकीय संरचना अन्तर्गत तीन तहमा नेपालको राज्य शक्तिको प्रयोग भईरहेको छ। स्थानीय सरकारलाई आफ्नो योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयन र आगामी आर्थिक वर्षको लागि समेत योजनाहरुको प्रक्षेपणका लागि गाउँपालिकाको भौगोलिक स्थिती, सामाजिक विकास, आर्थिक विकास, पुर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन, सुशासन तथा क्षमता विकास जस्ता क्षेत्रहरुको तथ्याङ्कीय आधार अत्यन्तै आवश्यक रहेको हुन्छ।
स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद –३ मा गाउँपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत स्थानीय अभिलेख व्यवस्थापन समेत रहेको हुदां स्थानीय अभिलेख व्यवस्थापन सम्वन्धी नीति , कानून, मापदण्ड, योजना निर्माण, कार्यान्वयन, अनुगमन र नियमन जस्ता महत्वपुर्ण कार्यहरु गाउँपालिकाबाट अनिवार्य रुपमा सम्पादन हुनुप र्दछ। अत विकास निर्माणको लागी योजना तर्जुमा गर्न,आवधिक योजना तर्जुमा गर्न,क्षेत्रगत रणनीतिहरु तयार गर्न तथा समग्र विकास र समृद्धिका अल्पकालिन तथा दीर्घकालिन रणनीति तय गर्न वस्तुगत विवरण सहयोग सिद्ध हुन्छ र त्यस्ता योजना तथा रणनीतिहरु यथार्थ वस्तुपरक र कार्यान्वयन गर्न योग्य हुन्छन। उपरोक्त उद्देश्यहरुको प्राप्तिका लागि सशक्त तथ्याङकीय आधार आवस्यक देखिन्छ। त्यसैले मिक्वाखोला गाउँपालिकाको जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था आदीको सम्पूर्ण विवरण सहितको गाउँपालिकाका बस्तुगत बिवरण आवश्यक देखिएकोले यो पाश्र्व चित्र निर्माण गरी मिक्वाखोला गाउँपालिकासँग सम्बन्धित सुचना सबै समक्ष पुर्याउने कार्यले सफल्ता प्राप्त गरेको छ । यस कार्यको श्रेय यस गाउंपालिकाका जनप्रतिनिधि, कर्मचारी, तथा गाउँ–गाउँ पुगेर तथ्याङक संकलन गर्ने गणकहरुलाई जान्छ। साथै दितिय तथ्याङ्क उपलआध गराइ सहयोग गर्नु हुने जिल्ला स्थित विषयगत कार्यालयहरुको सहयोगको अभावमा यो बस्तुगत बिवरण निमार्ण सम्भव हुने थिएन। म आशा राख्दछु यस दस्तावेजले मिक्वाखोला गाउँपालिकाको ऐनाको रुपमा काम गर्ने छ र मिक्वाखोला गाउँपलिकालाई बुझ्न चाहने, सबैका लागी समेत महत्वपूर्ण हुनेछ। अन्तत्यमा सम्पूर्ण मिक्वाखोलावासीहरु प्रति कृतज्ञता व्यक्त गर्दछु उहाँ हरुको सहयोग नभईदिएको भए यो दस्तावेजले आजको स्वरुप सम्भवत प्राप्त गर्ने थिएन। प्रस्तुत वस्तुगत विवरणले मिक्वाखोला गाउँपालिकाको वास्तविक धरातलमा आधारित हुने गरि वार्षिक तथा **आवधिक** योजना तर्जुमा मार्फत समृद्धिको सपना पुरा गर्न सहयोग पुर्याउन सकोस भन्ने शुभेच्छा प्रकट गर्न चाहान्छू।

धन्यवाद

**राम कुमार साँवा**
**गाउँपालिका अध्यक्ष**

मिक्वाखोला गाउँपालिका

# मिक्वाखोला गाउँ कार्यपालिकाको कार्यालय

साँवा, ताप्लेजुङ

१ नं प्रदेश नेपाल



**शुभाकामना**

कुनैपनि नीति तथा कार्यक्रमहरुको निमार्णमा स्पष्ट तथ्याङकीय आधार आवश्यक पर्दछ र उक्त आधार उपलब्ध गराउँने महत्वपुर्ण दस्ताबेज गाउँ पाश्वचित्र हो। योजना निर्माणको क्रममा स्थानीय आवश्यक्ता को महत्व त छ नै साथै योजनाको गहन विश्लेषण समेत जरुरी हुन्छ। जसरी जनप्रतिनिधित्वको आधार प्राप्त मत हुन्छन त्यसरीनै नीति तथा कार्यक्रम र योजना सञ्चालनका आधार उक्त क्षेत्रको भौगालिक, सामाजिक, आर्थिक,सांस्कृतिक, भौतिक पूर्वधार, रोजगारीको अवस्था आदीको तथ्याङकीय विश्लेषण हुन्छ। तसर्थ स्थानीय सरकारले स्थानीय अधिकार क्षेत्रका सम्पूर्ण विवरणहरु अभिलेख व्यवस्थापन गरी नविनतम प्रणालीमा आबद्ध गरि पाश्र्व चित्र तयारी कार्यमा महत्वपूर्ण जिम्मेवारी पाउनुभएकोमा श्री नरेन्द्र प्रसाद कटुवाल कन्सल्टिङ फर्म लाई बधाई दिन चाहान्छु। आफुले पाएको जिम्मेवारी इमान्दारीताका साथ निर्वाह गरी हाम्रा समक्ष  मिक्वाखोला गाउँपालिकाको पाश्व चित्र उपलब्ध गराउंनु भएको प्रति अभार प्रकट गर्दछु।

यस दस्तावेजले  मिक्वाखोला गाउँपालिकाको वर्तमान अवस्थाको यथार्त बयान गर्न सक्षम छ भनी विश्वस्त रहेको छु। आगमी दिनहरुमा गाउँपालिकाबाट निर्माण हुने आवधिक योजना , वार्षिक योजना देखि अन्य रणनीतिक योजनाहरुको निर्माण समेत यो दस्तावेजले स्पष्ट आधारको काम गर्ने बारे कुनै दुइमत नरहेको र भविष्यमा यसलाई अद्यावधिक गर्दै स्थानीय अभिलेख व्यवस्थापनमा समेत सहयोग हुने विश्वस रहेको छ।

अन्त्यमा यस पाश्व चित्र निर्माणमा संलग्न परामर्शदाता फर्म , निर्माण मा आबद्ध कर्मचारी मित्रहरु , स्थलगत सर्वेक्षणमा खटिनु भएका गणकहरु र सम्पूर्ण मिक्वाखोलावासी हरुमा आभार प्रकट गर्दछु तपाई सबैको सहयोग र समन्वयको अभावमा यो दस्तावेज केवल कागजी योजनामै सिमित रहने थियो र तपाई सबैको सहयोगले मिक्वाखोला गाउँपालिकालाई भविष्यका योजना तथा कार्यक्रम तर्जुमाका लागि अत्यन्तै सवल आधार प्राप्त भएको छ। यो दस्ताबेज समृद्ध मिक्वाखोलानिर्माणको लागी कोषेढुङ्गा बन्न सकोस भन्ने शुभेच्छा व्यक्त गर्न चाहान्छू।

धन्यवाद !

**रुद्रकुमारी साँवा लिम्बु**

**गाउँपालिका उपाध्यक्ष**

मिक्वाखोला गाउँपालिका

# मिक्वाखोला गाउँ कार्यपालिकाको कार्यालय

साँवा, ताप्लेजुङ

१ नं प्रदेश नेपाल



## शुभकामना

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयवाट देश भरिका स्थानीय तहको वस्तुगत विवरण तयार गर्नकालागि ढाँचा उपलव्ध गराए अनुरुप यस मिक्वाखोला गाउँपालिकाको वस्तुगत विवरण तयार गर्ने कार्य अगाडी वढाइएकोछ ।गाउँपालिका स्थापना पश्चात प्रथम पटक तयार हुन लागेको वस्तुगत विवरणले गाउँपालिकाको यथार्थतालाई तथ्य र तथ्याङ्क मार्फत उजागर गर्नेछ भन्ने विश्वास लिएकोछु। वस्तुगत विवरण तयार गर्नु भनेको विकास योजना तर्जुमा तथा वार्षिक वजेट तर्जुमाको पुर्व आधार तयार गर्नु हो ।तथ्य र तथ्याङ्कमा आधारित भई निर्माण हुने भावी योजना कार्यान्वियनयोग्य र नतिजामुखी हुने कुरामा दुईमत छैन। यस मिक्वाखोला गाउँपालिकामा जनप्रतिनिधिहरु वहाल भएपश्चात ल्याइएको प्रथम नीति कार्यक्रम तथा वजेटलाई वस्तुगत विवरणमा आधारिति वनाउन नसकिएकता पनि अव उप्रान्त प्रस्तुत हुने नीति कार्यक्रम तथा वजेटलाई तथ्य र तथ्याङ्कमा आधारित वनाउन यस वस्तुगत विवरणले सहयोग पुर्याउनेछ भन्ने विश्वास लिएकोछु।

मिक्वाखोलागाउँपालिकाको समग्र भूगोललाई समेटी यस भित्रका विविध आयामहरुलाई सुचकको माद्यमवाट तथ्याङ्क संकलन हुने हुदा क्षेत्रगत योजनाहरु निर्माण गर्न सहज हुनेछ। समाज र समुदाय स्तर सम्म पुगी विकासका प्राथमिकता निर्धारण गर्न यो वस्तुगत विवरण गतिलो हतियार बन्न सक्छ। गाउँपालिका भित्रको भुगोल,वर्ग क्षेत्र र समुदायको आवश्यकता पहिचान गरि सोही अनुरुप नीति कार्यक्रम तथा वजेट तर्जुमा गर्न यसले सहयोग पुर्याउनेछ ।समग्र गाउँपालिकाको सन्तुलित विकासकालागि पनि वस्तुगत विवरण उपयोगी हुन सकोस भन्ने शुभेच्छा व्यक्त गर्न चाहान्छू।

धन्यवाद

**लवहाङ राई**

**प्रमुख प्रशासकीय अधिकृत**

# मिक्वाखोला गाउँ कार्यपालिकाका पदाधिकारीहरु



राम कुमार साँवा
गा.पा. अध्यक्ष



रुद्र कुमारी साँवा
गा.पा. उपाध्यक्ष



सुरेश कुमार थापा
वार्ड नं २ अध्यक्ष



अमृत बहादुर लिम्बु
वार्ड नं १ अध्यक्ष



दिपेन्द्र कुमार लिम्बु
वार्ड नं ३ अध्यक्ष



भिम बहादुर लिम्बु
वार्ड नं ४ अध्यक्ष



डण्डु शेर्पा
वार्ड नं ५ अध्यक्ष



कमला घतानी
गा.का.पा. सदस्य



निमावाङदा शेर्पा
गा.का.पा. सदस्य



बालकृष्ण घले
गा.का.पा. सदस्य



भिमा बस्नेत
गा.का.पा. सदस्य



ननकला लिम्बु
गा.का.पा. सदस्य



सुसिला लिम्बु
गा.का.पा. सदस्य

# नरेन्द्र प्रसाद कटुवाल

**परामर्श सेवा फर्म**

**फुङलीङ नगरपालीका ५, ताप्लेजुङ**



## दुइ शब्द

वर्तमान नेपालराज्यको पुनरसंरचना पश्चात मुख्यतया विकासको गतिमा परिवर्तन हुनुपर्ने अपेक्षा तमाम जनता वा समुदायले राखेकाछन्।खास गरेर हाल सम्म विकासको हरेक अवयवहरुका, हरेकसिंढीहरुमा समानरुपले दृष्टि पुग्न नसकेको फलस्वरुप विकासले गति लिन नसक्दा जनतामा आएको वितृष्णारजन आक्रोसले राज्य व्यवस्थाको परिवर्तन सम्म गर्ने अवस्था निम्त्यायो, परिणामस्वरुप देश सङघिय लोकतान्त्रिक गणतन्त्रमा प्रवेशगर्यो भने विकासको दृष्टिले समान ढंगले सम्वोधन गर्नसकियोस भनेर संघीय प्रणालीमा मुलुक संचालन हुने संवैधानिक व्यवस्था लागु भयो। जस अनतर्गत स्थानिय प्रदेसर संघ गरी तिन तहका सरकारको परिकल्पना गरिएको छ जसको एउटैलक्ष जनतालाइ सहज सेवा उपलब्ध गराउँनु तथा मुलुक र जनतालाइ समृद्धवनाउनु हो। मुलुकलाई समृद्धवनाउन हरेक स्थानीय सरकारहरु समृद्धहुनु जरुरी हुन्छ जसको लागि अत्यन्तै वस्तुपरक योजनाहरु निर्माण गरितिनि हरुको प्रभावकारी कार्यान्वयननै मुख्य उपायहो। भनिन्छ एउटा मुलुकलाई समृद्ध वनाउन उत्कृष्ट योजनाहरुको निर्माण गर्नजरुरी हुन्छ र त्यो उत्कृष्ट योजना मुलुककोलागि आधा काम सम्पन्न गर्नुसरह हुन्छ। संघ,प्रदेश वास्थानीय जुन तहको योजना वनाउने हो त्यो तहको सम्पुर्ण पक्षको जानकारी भएन भने सम्वन्धिति तहको राम्रोयोजना वन्नसक्दैन।कुनै क्षेत्रको विकासगर्न सरल तरिकाले वाटोतय गर्नु जरुरी हुन्छ, जस्को निम्ती सरलढंगले वाटो वा उपायको खोजी गर्नुपर्दछ। ऐले हामी कहाँछौ ? अव कहाँ जाने वा कहाँपुग्ने ? र यो कसरी सम्भव छ ? यी तीन प्रश्नहरुको सरल जवाफनै मुलुक वा समाजपरिवर्तन गर्ने अचुक र सरलउपाय हुन्छन्। पहिलो प्रश्नको जवाफ वस्तुगत विवरण मार्फत प्राप्त गरिन्छ भने दोश्रोर तेश्रो प्रश्नको जवाफ आवधिक विकासयोजना वागुरुयोजना मार्फतप्राप्त गरिन्छ।

पार्श्वचित्र वा वस्तुगत विवरणहरुको संगालोएउटा यस्तो ऐनाहो जुन ऐनावाट त्यो गाउँपालिकाको सम्पुर्णविवरणहरु छर्लङ्ग रुपमासहज अवलोकन गर्न सकिन्छ। यसै सन्दर्भमा सिरीजङ्घा गाउँपालिकाले परामर्शदाताको रुपमा नरेन्द्र प्रसाद कटुवाल परामर्शदाता फर्मलाई छनौट गरि यो बस्तुगत बिवरण निर्माण गर्ने जुन अवसर प्रदान गर्नुभयो त्यसको लागि मिक्वाखोला गाउँपालिकाका अध्यक्ष श्री रामकुमार लीम्बु, उपाध्यक्ष रुद्रकुमारी साँवा लिम्बु र प्रमुख प्रशासकीय अधिकृत श्री लबहाङ राई लागायत सम्पुर्ण गाउँपालिका परिवार प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। यो बस्तुगत बिवरण निर्माण कार्य त्यति सहज छैन। यस्लाई अत्यन्तै सत्य तथ्य परक वनाउन भरमग्धुर प्रयासग रिएकोछ भने यसलाइ सम्पन्न गर्न विभिन्न क्षेत्रवाट सवैको साथ सहयोग प्राप्त भएकोछ ।गाउँपालिकाले योजना तर्जुमा गोष्ठी अभिमुखीकरण कार्यक्रम तथा प्रस्तुतीकरण कार्यक्रमहरु आयोजना गरेर सम्पुर्ण सरोकारवाला हरुलाई उपस्थितग राएर सहयोग पुर्याएको प्रति विशेष धन्यवाद ज्ञापन गर्दछौं।

अन्य स्थानीय तहहरुको पार्श्वचित्र भन्दा निकै फरक र उपयोगि वनाउन प्रयास गरिएको छ। जसमा यो पार्श्वचित्र निर्माणमा विज्ञको रुपमा संलग्न समाजशास्त्री अर्थसास्त्री एवं भुगोलबिध हरु जस्ले तथ्यांक विश्लेषण कार्यमा अत्यन्तै धेरैरकडा मेहनत गर्नुभएको छ। उहाँहरु प्रति विशेष धन्यवाद ज्ञापन गर्दछु। यो प्रोफाइल तयारी टिममा संलग्न रहेर गणकहरु परीचालन तथा ब्यवस्थापन सहित तथ्याङ्क सङ्कलन लगाएतका सम्पुर्ण कार्यमा सुरु देखी नै अनवरत रुपमा खटिनु हुने यो बस्तुगत बिवरण निर्माण समुहका सदस्य फुङलीङ नगरपालीका ४ निबासी मित्र हरी पौडेल जस्को योगदानको जती प्रशंसा गरे पनी कम हुन्छ उहां प्रति बिशेष धन्यवाद ज्ञापन गर्दछु । तेस्तै तथ्यांक संकलकको रुपमा जिम्मा लिई ५ वटै वडाको घरघर पुगि तथ्यांक संकलन गर्नु हुने दशै जना स्थानीय गणक साथिहरु प्रति र उक्त सङ्कलीत तथ्याङ्क प्रबिष्टिमा संलग्न सबै प्रबिष्टकर्ता मित्रहरुमा पनि विशेष धन्यवाद ज्ञापन गर्दछु। तेस्तै यो प्रोफाइल तयारी कार्यमा प्रत्यक्ष एवं अपरत्यक्ष रुपमा सहयोग गर्नुहुने सबै प्रति हार्दिक आभार ब्यक्त गर्दछु ।

वस्तुगत विवरण तयार गरेर मात्र पुग्दैन। यो वस्तुगत विवरणको आधारमा सही विश्लेषण गरेर सहि योजनाहरु निर्माण गरि त्यसको सहि र प्रभावकारी कार्यान्वयन वाट मात्र गाउँपालिकाले सोचे अनुसारको प्रतिफल प्राप्त गर्न सक्दछ। यो वस्तुगत विवरणमा प्राप्त सुचना र तथ्यांकहरुको सहयोगमा आवधिक तथा गुरुयोजना निर्माण गरेर अघि वढ्नु अवको आवश्यकता हो। त्यसैले अव गाउँपालिकाको ध्यान त्यता तर्फ जानेछ भन्दै मिक्वाखोला गाउँपालिकाको र्सवाङ्गीण र चौतर्फी विकासको लागि शुभकामाना समेतव्यक्त गर्न चाहान्छु।

३२ असार २०७५

**नरेन्द्रप्रसाद कटुवाल**
**प्रोपाइटर**

# प्रकाशकिय

नेपालको संविधान २०७२ लेकल्पना गरेअनुसार स्थानीय निकाय पुनरसंरचना अनुरुप अधिकार सम्पन्नस्थानीय तह निर्माण भइसकेको छ। जस अनुसार ताप्लेजुङ जिल्लामा साविकमा कायम रहेका१ नगरपालिका र ४८ गाउँ विकास समितिलाई पुनरसंरचना मार्फत हाल १ नगरपालिका र ८ गाउँपालिका एकाई कायम गरिएको छ। नयाँ भौगोलिक संरचना अनुसार साविक मा गाविस अर्न्तगतका भौगालिक अवस्थिति लगायत जनसंख्या , आर्थिक, सामाजिक, प्राकृतिक श्रोत र साधनहरु समेतको अवस्थामा परिवर्तन भएको छ।

अधिकार निक्षेपणका हिसावले यसरी नयाँ कायम भएका स्थानीय तहनै स्थानीय सरकार बनेकाछन्। स्थानीय तहको चुनाव समेत सम्पन्न भई नया जनप्रतिनिधि हरुले कार्यभार संम्हाली सकेको पनि एक वर्ष पुरा भइसकेकोछ। करीव १५ वर्ष पछि स्थानीय तहमा आएका जनप्रतिनिधिहरुलाई नया जोस जाँगर सहित चुनाव ताका गरिएका प्रतिवद्धता पुरा गराउनको लागि हालको वर्तमान यथार्थता भित्र रहेर नयाँ योजनाहरु निर्माण गरि संघीयता कार्यान्वयमा जोड दिनु पर्ने अवस्था रहेको छ। यद्यपी नयाँ संरचनाका स्थानीय तहहरुमा भर पर्दो , आधिकारिक र पर्याप्त सूचनाहरुको आवश्यकता तथा तथ्याङ्कहरुको अभिलेख उपलब्ध हुन सकि रहेको थिएन। राष्ट्रिय जनगणना २०६८ सालको विवरण हाल धेरै परिवर्तन भएको छ। त्यसैले सवै विवरणहरु प्राथमिक रुपमा नै संकलन गरेर ताजा अवस्थाको यथार्थ चित्र प्रस्तु गर्न यो मिक्वाखोला गाउपालिकाको वस्तुगत विवरण तयार गरिएकोछ।

नेपाल सरकार तत्कालीन सङ्घीय मामिला तथा स्थानीय विकासमन्त्रा लयले २०७४ /०१/२६ मा सवै स्थानीय तहहरुले आआफ्नो क्षेत्रको वस्तुगत विवरण तोकिएको ढाँचामा तयार गरी वेभसाईडमा राख्न निर्देशन प्राप्तभएको छ। सो आधारमा उपलब्ध सवैसूचना तथा जानकारीहरुको आधारमा परामर्श दाता नरेन्द्र प्रसाद कटुवालको सहयोगमा योप्रोफाइल तयारगरिएको छ।

निर्धारित समय भित्र यो मिक्वाखोला गाउँपालिकाको पार्श्व चित्र तयारी गर्न सहयोग गर्नुहुने गाउँपालिकाका सम्पुर्ण जनप्रतिनिधिहरु¸कर्मचारीहरु विभिन्न राजनैतिक दलका प्रतिनिधिहरु¸सुचना उपलव्ध गराउनुहुने विभिन्न विषयगत कार्यालयहरु¸प्राथमिक तथ्याङ्क संलकन गर्ने गणकहरु¸सुचना विश्लेषण गरि निश्कर्ष निकाल्ने विश्लेषकहरु लगायत परियोजना संचालन गर्ने परामर्शदाता नरेन्द्र प्रसाद कटुवाल प्रति हार्दिक आभार व्यक्त गर्दछौ साथै मिक्वाखोला गाउँपालिका निवासी सम्पुर्ण दाजुभाई दिदि वहिनिहरुले यसको समुचित प्रयोगमा सहयोग गर्नु हुनेछ भन्ने विश्वास सहित सवैमा हार्दिक धन्यवाद व्यक्त गर्दछौ।

मिक्वाखोला गाउँपालिका ताप्लेजुङ

## वस्तुगत विवरण किन ?

विकास निर्माण का कार्यहरुका निर्दिष्ट लक्ष्य , उद्देश्य र अपेक्षित प्रतिफल प्राप्तगर्नका लागि योजनावद्ध तरि काले अगाडि बढ्नु पर्नेकुरामा संघीय , प्रान्तिय तथा स्थानीय लगायतका जुनसुकै तहमा कसैकोपनि दुईमत छैन। स्थानीय योजना तयारीको लागि आधारभूत खम्बाकोरुपमा सम्बन्धित क्षेत्रको विस्तृत वस्तुगत सुचनाहरुको आवश्यकता जरुरीहुन्छ । तिनै वस्तुगत विवरणका सूचकाङ्कले संकेतगरे अनुसार स्थानीय निकाय तथा स्थानीय सरकार अगाडी बढ्न सके त्यसबाट दप्राप्त प्रतिफल दिगो र प्रभावकारी हुन्छ। यसले गाउँपालिकामा सुशासन प्रवर्द्धनमा समेत सहयोग पुग्नेछ। यसका लागि शुरु देखि अन्त्य सम्म स्थानीय जन सहभा गिता जुट्न सक्ने पारदर्शी र दिगो विकास प्रकृयाहरुको आवश्यक्ता टड्कारो रुपमा देखिएको छ। नेपालको सन्दर्भमा लोकतन्त्रको स्थापना सँग नेपालको संविधान २०७२ लेस्थानीय जनतालाई शासन सञ्चालनमा प्रत्यक्ष र नजिकको हक स्थापना गर्दै राज्यको पुनरसंरचनाको व्यबस्था गरेकोछ। जसअनुसार प्रान्तीय संरचनामा साविकको स्थानीय निकायको रुपमा रहेका गाउँविकास समितिहरुको सिमांकनमा हेरफेरगरी नयासंरचनामा स्थानीय सरकारको रुपमा अधिकार सम्पन्न गाउँपालिका र नगरपालिकोको स्थापना गरिएको छ। यस अवस्थामा नँया घोषणा भएका गाउँपालिकाहरुको प्रशासनिक व्यबस्थापन सहज पार्दै बस्तुनिष्ठ योजना तयारीका लागि घरधुरी स्तरको तथ्याङ्क र सूचनाहरु अद्यावधिक भई नसकेकोले सोही खाडल पुर्तिगर्ने उद्देश्यले आवश्यक प्राथमिक र द्धितिय स्तरका सूचनाहरु संकलन गरी त्यसैको आधारमा योगाउँपालिका स्तरको वस्तुगत विवरण तयार गरिएको छ ।
यो प्रोफाइल नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७४ वैशाख२६ गतेको परिपत्र अनुसारको ढाँचामा रहेर उपलब्ध भएका सान्दर्भिक सवै तालिकाहरुलाई अधिकंतम तालमेल मिलाउने प्रयास गरिएको छ। वस्तुगत विवरण तयारीमा सवैवडामा रहेका समग्र सुचना तथा सामाजिक , आर्थिक लगायत अन्यक्षेत्रको बस्तुगत अवस्था बारे जानकारी आवश्यक पर्ने भएको ले गाउँपालिका स्तरमा वस्तुगत अवस्थालाई संकलन गरी विश्लेषण गरिएको छ। वस्तुगत अवस्थाले संकेत गरेका सुचकाङ्कका
आधारमा आगामी स्थानीय स्तरका योजनाहरु प्रस्ताव गर्न सहज हुनेछ ।
योमिक्वाखोला गाउँपालिकाको वस्तुतगत विवरण तयारीका उदेश्यहरु निम्नानुसार रहेकाछनः

- विकास प्रकृयाको लागि महत्वपुर्ण तीन प्रश्नहरु "ऐले म कहाँ छु ?" "अव म कहाँ जाने ?" र "त्यो कसरी संभव छ ?" मध्ये पहिलो प्रश्नको वास्तविक जवाफ खोज्ने ।
- सिरीजङ्घा गाउँपालिका¸ताप्लेजुङको सवै घरधुरीमा पुगी आर्थिक¸सामाजिक¸भौतिक¸प्राकृतिक र मानवीय सम्पत्तीको लेखाजोखा गर्ने ।
- सिरीजङ्घा गाउँपालिकाको वर्तमान यथार्थतालाई जस्ताको तस्तै प्रस्तुत गर्ने ।
- योजना तर्जुमा वजेट वाँडफाडका लागी आधार तयार गर्ने ।
- संभावना भएजति सवै सुचनाको जातीय लिङ्गीय र क्षेत्रीय हिसावले विश्लेषण गर्ने ।
- हरेक तथ्याङ्कको समाजशास्त्रीय¸ग्रामिण विकास र लैङ्गिक सामाजिक हिसावले विश्लेषण गर्ने ।
- आवधिक विकास योजनाको लागि मार्ग प्रस्स्त गर्ने ।

- गाउँपालिकाको योजना तर्जुमा प्रकृयमा आवश्यक पर्ने सवै सुचनाहरु गाउपालिका स्तरमा नै अद्यावधिक गर्ने ।
- सिरीजङ्घा गाउँपालिकामा रहेको हिमाली आकर्षणले गर्दा आउने पर्यटकहरुलाई समग्र गाँउपालिकाको आवश्यक सुचना एकै स्थानमा उपलव्ध गराउने ।
- दातृ निकायहरु समक्ष माग प्रस्तुत गर्न आवश्यक आधार स्तम्भ तयार गर्ने ।

## वस्तुगत विवरण तयारीका क्रममा अपनाइएका विधिहरु

### प्राथमिक तथ्याङ्क सङ्कलन

- संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गरेको सूचना सङ्कलन गर्न तयार गरिएको फारमको प्रयोग गरी प्राथमिक सूचना वस्तीस्तरमा संकलन गरिएको छ ।उक्त वस्तु स्थिती बिवरण लिन खटिएका गणकहरुवाट स्थानीय पदाधिकारी, कर्मचारी, सामाजिक परिचालक, राजनीतिक दलका पदाधिकारीहरु एवं सरोकारवालाहरुसँग छलफल र हरेक घरधुरी बाट विवरण एवं तथ्याङ्क संङ्कलन गरिएको ।

### द्बितिय तथ्याङ्क सङ्कलन

- नेपालको राष्ट्रिय जनगणना २०६८ ले उल्लेख गरिएका तथ्याङ्कहरुलाई केन्द्रिय तथ्याङ्क विभागवाट लिएको ।
- सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिवाट प्रकाशन भएका जिल्ला पाश्र्वचित्र र अनेय बिषयगत कार्यालयबाट अन्य तथ्याङ्क लिएको ।
- जिल्ला वन कार्यालय , जिल्ला शिक्षा कार्यालय , जिल्ला कृषि विकास कार्यालय , जिल्ला स्वास्थ्य कार्यालय , जिल्ला मालपोत कार्यालय, जिल्ला वालकल्याण कार्यालय लगायतवाट विभिन्न तथ्याङ्क लिएको ।
- साविकका गाविसहरुवाट प्रकाशन भएका गाविस प्रोफाईल लगायतका प्रकाशनहरुबाट तथ्याङ्क लिएको ।

### सूचना विश्लेषण

विभिन्न माध्यमवाट लिएका सूचना एवं तथ्याङ्कलाई Word, Excel , SPSS बाट विभिन्न शीर्षक तथा उपशिर्षकमा विश्लेषण गरिएको छ ।

### सरोकारवालाहरुसँग छलफल

प्राथमिक तथा द्बितीय माध्यमवाट सङ्कलन भएका सूचनाहरुको विश्लेषण गरी तयार पारिएको विवरणलाई स्थानीय निर्वाचित पदाधिकारी, कर्मचारी लगायत सरोकारवाला महानुभावहरु सँगको अन्तरकृर्या छलफलबाट थप सूचना तथा सुझावहरु प्राप्त गरि विश्लेषण गरिएको छ ।

### वस्तुगत विवरण तयारीको सिमाहरु

यो बस्तुगत बिवरण तयार गर्दा प्रयोग गरिएको विधि एवं समय पावबन्दी समेतलाई मध्येनजर गर्दै भए सम्मका गाउँ कार्यपालिकाको भौगोलिक, प्राकृतिक, सामाजिक, आर्थिक, मानवीय एवं धार्मिक सांस्कृतिक तथा विविध सूचना र तथ्याङ्कहरुलाई सरलिकृत रुपमा समावेश गरी एउटा वस्तुगत दस्तावेज तयार गरिएको छ । समयमा तथ्याङ्क एवं सूचना प्राप्त हुन कठिनाई , भौगोलिक जटिलता , यातायातको अभाबको वावजुद पनि प्राप्त तथ्याङ्कलाई उपयुक्त तरीकाले विश्लेषण गर्ने प्रयास गरिएको छ ।यसरी तयार गरिएको बस्तुगत बिवरणले आधारभूत तथ्याङ्कहरुलाई प्रशोदन एवं विश्लेषण गरीएको छ । यसले भविष्यमा गाउँपालिकाको पूर्व अवस्थालाई चित्रण गर्न उपयोगी हुने निश्चित छ ।

## बिषय सुची


१. गाउँपालिकाकोपरिचय ........ १
१.१पृष्ठभूमी ........ १
१.२. नामाकरण ........ १
२.भौगोलिकस्वरुप तथा सिमाना ........ २
२.१भू वनावट ........ २
३महत्वपुण सम्पदा ........ २
३.१. फुङफुङे झरना ........ २
३.२.सोदु पोखरी ........ ३
३.३ भुत पोखरी ........ ४
३.४ तिन पोखरी ........ ५
३.५ सोजु पोखरी ........ ५
३.६ थाङना पोखरी ........ ५
३.७ मानाभरा र वाग्वा पोखरी ........ ५
३.८ थनक्पा फुकु ओडार ........ ६
३.९ मेवा खोला मिक्वा खोला ........ ६
४. स्थानीयचार्डपर्वतथाजात्रामेलाहरुकोविवरण ........ ६
५. पर्यटकीय स्थलहरुको विवरण ........ ८
६.सामुदायिक वनको विवरण ........ ९
७.जनसंख्या वितरणको अवस्था ........ ९
७.१.वार्ड अनुसार घरधुरी तथा जनसंख्याको विवरण ........ ९
७.२. उमेरका आधारमा जनसंख्याको विवरण ........ १०
७.३. मातृभाषाका आधारमा जनसंख्याको विवरण ........ १०
७.४. धर्मका आधारमा जनसंख्याको विवरण ........ ११
७.५. जातका आधारमा घरधुरीको विवरण ........ ११
७.६. जातका आधारमा जनसंख्याको विवरण ........ १२
७.७. जातीय तथा लिङ्गीय आधारमा घरमुलीको विवरण ........ १३
७.७.१.प्रचलनका आधारमा घरमुलीको विवरण ........ १४
७.७.२.कारोवारका आधारमा घरमुलीको विवरण ........ १४
७.८.अपाङ्गता सम्वन्धि विवरण ........ १५
७.९.घरको छानो तथा गारो सम्वन्धि विवरण ........ १६
७.१०.घर सम्म पुग्ने वाटो सम्वन्धि विवरण ........ १७
७.११.स्वामित्वका आधारमा घरधुरीको विवरण ........ १७
७.१२. एकल जनसंख्याको विवरण ........ १८
७.१३. पेशाका आधारमा जनसंख्याको विवरण ........ १८
७.१४. विशेष सीपयुक्त जनसंख्याको विवरण ........ २०
७.१५. वैदेशिक रोजगार सम्वन्धि विवरण ........ २१
७.१६. चर्पी उपयोग सम्वन्धि विवरण ........ २२

७.१७. परिवार नियोजन सम्वन्धि विवरण....................................................................................२२
७.१८.दीर्घरोगी सम्वन्धि विवरण....................................................................................२३
७.१९. खानेपानीको श्रोत सम्वन्धि विवरण....................................................................................२४
७.१९.१. खानेपानीको मुख्य श्रोत सम्वन्धि विवरण....................................................................................२४
७.१९.२. खानेपानीको सहायक श्रोत सम्वन्धि विवरण....................................................................................२५
७.२०. खाना पकाउने चुल्हो सम्वन्धि विवरण....................................................................................२५
७.२१. खाना पकाउने इन्धन सम्वन्धि विवरण....................................................................................२६
७.२२. उज्यालोको लागि वत्ती प्रयोग सम्वन्धि विवरण....................................................................................२७
७.२३. सेवासुविधा उपलव्धता सम्वन्धि विवरण....................................................................................२७
७.२४. सेवासुविधा उपयोग सम्वन्धि विवरण....................................................................................२८
७.२५. जीविकोपार्जन सम्वन्धि विवरण....................................................................................२९
७.२५.१. वैदेशिक रोजगार विना जीविकोपार्जन सम्वन्धि विवरण....................................................................................३१
७.२५.२. वैदेशिक रोजगार सहित जीविकोपार्जन सम्वन्धि विवरण....................................................................................३१
८. घरजग्गामा महिलाको स्वामित्व सम्वन्धि विवरण....................................................................................३५
९. परिवारको स्वामित्वमा रहेको जग्गा सम्वन्धि विवरण....................................................................................३६
१०.सिंचाइ सुविधा उपलव्धता सम्वन्धि विवरण....................................................................................३७
११. घरपालुवा पशुपंक्षी सम्वन्धि विवरण....................................................................................३७
१२.आर्थिक सम्पन्नता सम्वन्धि विवरण....................................................................................३८
१३. शिक्षा सम्वन्धि विवरण....................................................................................३९
१३.१.स्कुल नगएका र विचैमा कक्षा छोडेका वालवालिकाको विवरण....................................................................................४०
१३.२. उच्च शिक्षा अध्ययनरत विद्यार्थीको विवरण....................................................................................४१
१३.३.निराक्षर जनसंख्या सम्वन्धि विवरण....................................................................................४१
१३.४.साक्षरता दर सम्वन्धि विवरण....................................................................................४२
१४. वार्षिक आम्दानि सम्वन्धी विवरण....................................................................................४३
१५. वार्षिक उत्पादन सम्वन्धी विवरण....................................................................................४५
१६. वार्षिक उत्पादनको खपत सम्वन्धी विवरण....................................................................................४७
१७. वार्षिक खर्च सम्वन्धी विवरण....................................................................................४९
१८. विरामी हुदा पहिलो उपचार सम्वन्धी विवरण....................................................................................५०
१९. प्राकृतिक प्रकोप सम्वन्धी विवरण....................................................................................५१
२०. नजिकको स्वास्थ्य संस्था पुग्न लाग्ने समय सम्वन्धी विवरण....................................................................................५१
२१. नजिकको प्रहरी चौकी पुग्न लाग्ने समय सम्वन्धी विवरण....................................................................................५२
२२. नजिकको बैक पुग्न लाग्ने समय सम्वन्धी विवरण....................................................................................५३
२३. नजिकको बजार पुग्न लाग्ने समय सम्वन्धी विवरण....................................................................................५३
२४. कुपोषण लागेका वालवालिका सम्वन्धि विवरण....................................................................................५४
२५. अकाल मृत्यु सम्वन्धि विवरण....................................................................................५४
२६. फोहोरमैला व्यवस्थापन सम्वन्धि विवरण....................................................................................५५
२७. सामुदायिक संगठनमा आवद्धता सम्वन्धि विवरण....................................................................................५६
२८. वातावरण तथा सरसफाई सम्वन्धि विवरण....................................................................................५६
२९. बैङ्क तथा वित्तीय सम्वन्धि विवरण....................................................................................५७

३०. धार्मिक स्थल  सम्वन्धि विवरण........................................................................................................५८
३१. विद्यालय  सम्वन्धि विवरण ..............................................................................................................५८
३२. विश्व विद्यालय तथा कलेजहरुको विवरण .........................................................................................५९
३३.विद्यालयमा शौचालय सम्वन्धि विवरण...............................................................................................५९
३४.तहगत शिक्षक विवरण....................................................................................................................६०
३५.शिक्षक तथा कक्षा कोठाको पर्याप्तता ..................................................................................................६०
३६.वाल क्लवहरुको विवरण .................................................................................................................६१
३७.वाल क्लव तथा वाल समुहले प्रतिनिधित्व गरेका संघ संस्थाहरुको विवरण...................................................६१
३८. कामदारको रुपमा घरवाट वाहिर गएका वालवालिकाहरुको विवरण..........................................................६१
३९.चालु आवमा जन्मदर्ता गराएका वालवालिकाहरुको विवरण.....................................................................६१
४०.अठार वर्ष भन्दा कम उमेरमा विवाह गरेका वालवालिकाहरुको विवरण.......................................................६२
४१.परिवार विहिन वालवालिकाहरुको विवरण...........................................................................................६२
४२. महिला हिंसा सम्वन्धि विवरण..........................................................................................................६२
४३. कृषि सेवा केन्द्र उपकेन्द्र कृषक समुह को जग्गा सम्वन्धि विवरण...............................................................६२
४४. पशु सेवा केन्द्र उपकेन्द्र कृषक समुह को भवन सम्वन्धि विवरण................................................................६२
४५. हुलाक सेवा केन्द्र को भवन सम्वन्धि विवरण.......................................................................................६२
४६. गाँउपालिकाको हालका भवनहरुको विवरण.......................................................................................६३
४७. अचल सम्पत्तीको विवरण ................................................................................................................६३
४८.  सार्वजानिक शौचालय प्रयोग सम्वन्धि विवरण......................................................................................६३
४९.  पुल पुलेसा सम्वन्धि विवरण ............................................................................................................६४
५०. सडक सञ्जाल  सम्वन्धि विवरण........................................................................................................६५
५१. व्यापारिक केन्द्र  सम्वन्धि विवरण .....................................................................................................६५
५२. खेल मैदान  सम्वन्धि विवरण............................................................................................................६६
५३. पार्क तथा वालउद्यान सम्वन्धि विवरण...............................................................................................६६
५४.  गाउँपालिका भित्र  कार्यरत  गैसस  सम्वन्धि विवरण..............................................................................६७
५५.  गाउँपालिका भित्र  कार्यरत  सरकारी कार्यालय  सम्वन्धि विवरण...............................................................६७
५६.  गाउँपालिका भित्र   कृयाशिल राजनैतिकदल  सम्वन्धि विवरण..................................................................६८
५७.  गाउँपालिका भित्र रहेका एफ एम रेडियो  सम्वन्धि विवरण.......................................................................६८
५८. गाउँपालिका कार्यालय देखि वार्ड कार्यालयको दुरी सम्वन्धी विवरण............................................................६८
५९. व्यापार व्यवसाय सम्वन्धी विवरण.....................................................................................................६९
६०.  गाउँपालिकामा हवाइसेवा सम्वन्धि विवरण.........................................................................................७०
६१. पशुवधशाला सम्वन्धी विवरण .........................................................................................................७०
६२.शव दाह संस्कार सम्वन्धी विवरण......................................................................................................७०
६३.व्यवसायिक पकेटक्षेत्र सम्वन्धी विवरण...............................................................................................७१
६४. होटल  सम्वन्धी विवरण .................................................................................................................७२
६५. सुरक्षा निकाय  सम्वन्धी विवरण ......................................................................................................७२
६६. वन्य जन्तु तथा चराचुरङ्गी  सम्वन्धी विवरण........................................................................................७३
६७. रुख तथा  जडिवुटी  सम्वन्धी विवरण.................................................................................................७३
६८. भु संवेदनशिल क्षेत्र  सम्वन्धी विवरण ...............................................................................................७३

६९.जल सम्पदा  सम्वन्धी विवरण...........................................................................................७४
७०. वाली प्रणाली  सम्वन्धी विवरण .......................................................................................७५
७१.स्वास्थ्य संस्था  सम्वन्धी विवरण.......................................................................................७५
७२.खानी सम्वन्धी विवरण.......................................................................................................७६
७३. गाउँ/नगरपालिकाको भु उपयोग सम्वन्धि विवरण.................................................................७६
७४. साबिक गाबिसहरुको न्युनतम शर्त तथा कार्य सम्पादन मापन मुल्यङ्कनको अवस्था…………………………७८
७५. गाउँपालिकाको प्रशासनिक  संम्रचना र  कार्यरत कर्मचारीहरुको विवरण.......................................................७९
७६. गाउँपालिकामा  निर्वाचित जनप्रतिनिधिहरुको विवरण...............................................................८०
७७. गाउँपालिकाको अवशर, चुनौती , समस्या र समग्र निष्कर्ष.........................................................८१
सन्दर्भ सामाग्री

## गाउँ पालिकाको परिचय

### १.१पृष्ठभूमी

मिक्वाखोला गाउँपालिका ताप्लेजुङ जिल्लाको उत्तर पश्चिमा रहेको गाउँपालिका हो । नेपालको संघीय शासन प्रणाली अर्न्तगत राज्य पुनरसंरचनामा स्थानीय तहको नयाँ सिमांकन गर्दा यो गाउँपालिका साविकका ४वटा गाविसहरु रुपान्तरण भई स्थापना भएको हो । यो गाउँपालिका जातिगत तथा सांस्कृतिक रुपमा बिशिष्टता र बिविधता वोकेको गाउँपालिका हो । यो गाउँपालिकामा मुख्य रुपमा लिम्वु, शेर्पा, र त्यसपछि क्रमश क्षेत्री ,वाहुन,खवास,कामी,राई,गुरुङ,सार्की र दमाई जातीको वसोवास रहेको छ भने सन्यासी, नेवार तथा तामाङ लगायतको उपस्थिति देखिएकोछ ।

नेपालकै मनोरम एवं बिशिष्ठ स्थान पुर्वको चर्चित पर्यटकीय स्थल फुङफुङे झरना धार्मिक स्थल मानाभरा देबी मन्दीर , तमोर नदी,मेवाखोला,न्याजु खोला,हाडीखोला, सोदु पोखररी, भूत पोखरी, किहने पोखरी, पाँच पोखरी, हाँस पोखरी, सुन पोखरी, वाग्बा पोखरी, ओत्रक पोखरी अदि धार्मीक तथा पर्यटकिय महत्व बाकेका स्थानहरूले सजिएके गाउँपालीका हो। यस गाउंपालीकामा लोप हुन लागेको रेड पाण्डा, कालो भालु हिउँ चितुवा, डाँफे, मुनाल, कालिज, शिकारी भोटे काग, आदि दुर्लभ वन्यजन्तु र चराचुरुङ्गीको वासस्थान , बिभिन्न प्रजातिका वनस्पति भएको जंगल तथा गुरासँ , सुनगाँभा, रैथाने विरुवा र बिभिन्न गै्रह काष्ट वन पैदावार पाइन्छ । यसका अलबा यार्चागुम्बा , पाँचऔले, माइकोपिला, विख्मा, कुड्की, अलैची, चिराइतो, जटामसी, आदि सहितको प्राकृतिक आश्चर्य तथा आकर्षक गन्तव्य रहेको यो गाउपालिकाको कुल क्षेत्रफल ४४२.९६ वर्ग किलोमिटर रहेकोछ ।कुल ५ वटा वार्डहरु रहेको यो गाउपालिकामा साविकका ४ वटा गाविसहरु वार्डमा रुपान्तरित भएकाछन जस अनुसार खोक्लिङ,लिवाङ,साँवा,पापुङ, क्रमश वार्ड नं १ देखि ५ सम्म रहेकाछन ।

### १.२. नामाकरण

मिक्वाखोला गाउँपालिका ताप्लेजुङ जिल्लाका साविकका ४ वटा गाविसहरु क्रमशःखोक्लिङ ,लिवाङ,साँवा,पापुङ समायोजन भएर स्थापना भएको गाउँपालिका हो। यस गाउँपालिकाको नामाकरण ताप्लेजुङको एक हिमाली गाउँ पापुङको तोप्केगोला मा उहिले लिम्बुहरु पनि बस्थे । तोप्केगोलाको शिरमा एउटा भुतपोखरी छ । भूत पोखरीले साह्रै दु ख दिएकाले लिम्बुहरुले तोक्पेगोलाको शिरमा बाख्रापालन गरी बस्न लागे । तर त्यस ठाउँमा सोदो पोखरी बाट पानी निकास भएको पानी खोला भएर गाउँमा अउने भएकाले बाख्रा चरणमा बाधा पुरयाउथ्यो। तिनिहरुले खोलामा बाख्रा तार्न मेन्दातरङ बनाए । लिम्बु भाषामा मेन्दा भनेको बाख्रा र तरङ भनेको साघु हो । लिम्बुहरु त्याहाँ बाट पनि आ आफ्नो सामनतुमल र केटाकेटीहरुका साथ ताङखु भन्ने गाउँमा बसाइ सर्न लागे । तर हिडन नसक्ने दुइजना बुढाबुढी भने त्यही गाउँमा छाडी दिए । छरछिमेक र छोराछोरीहरु सबै तात लागेर गाउँ छाडी बसाइ सरेको देख्दा बुढाबुढी आफूहरु मात्र बेसहारा भइ बस्नु पर्दा चिन्ताले शोकविहवल भए । बुढाबढी धुरु धुरु रुन थाले । ती दुईको धुरु धुरु रुवाइबाट आँसुका थोपा तप तप झरेर जम्मा भइ एउटा खोला उत्पन्न भयो । त्यो खोलालाइ मिक्वा बहङ (आँसुको खोला)भनियो र त्याहाँ खोलाको नाम पछि अंपभ्रस भइ मेवाखोला रहन गयो । मिक्वा वहङ (मिक्वाखोला)विछोडको वेदनामा ती दुई बुढाबुढी ले बगाएको आँसुको मिथक बनेर अविरल आज पनि बगिरहेकोछ ।युगौयुग सम्म बगिरहने छ ।

अर्को थरीको भनाइ अनुसार साँवा गाउँमा बिषालु राक्षस कानायङ नामकको बसोवास रहेको थियो।यस राक्षसले गाउँमा दिन वा रातमा कानायाङ भन्दै कराउदै एक दिनमा एक व्यक्ती रुनुपर्दथ्यो यस राक्षस कानायाङ भन्दै कराएपछी यस राक्षसलाई कानायाङ नाम राखिएको हो ।यस राक्षसको मुखमा दिनमा एक व्यक्ती पस्नै पर्ने हुदा यस आँसु खोलामा परिणत भयो र यस गाँउपालिकालाई ऐतिहासिक स्मृतिको लागि मिक्वाखोला राखिएको हो ।अर्को थरीको भनाई अनुसार प्राचिन समयमा एकजना मिक्वाखोलावासी युवक नुन लिन जाने शिलशिलामा तिब्बतबाट एक जना शेर्पा जातकी केटी लिएर आउने क्रममा माईति पक्षले थाहा पाएर बाटो बाटै फर्काईयो र त्यही फर्काएपछी ती युवक अफ्नो प्रेमिकाको विछोड र

वेदनामा परेर आँसु (मिखा) खसाले र लिम्बुको नाममा मिक्वाखोला रहन गयो ।यस्तै प्राचिन भनाइ तथा किम्बदन्तिलाइ आदर एवं सम्मान गर्दै यस गाउँपालिकाको नाम मिक्वाखोला गाउँपालिका राखिएको हो ।

**२.भौगोलिकस्वरुप तथा सिमाना**

मिक्वाखोला गाउँपालिका ताप्लेजुङ जिल्लाको १२% भु भाग ओगटेको गाउँपालिको हो । यसले यो जिल्लको कुल ३६४६ वर्ग किलोमिटर मध्ये ४४२ .९६ वर्ग किलोमिटर क्षेत्र ओगटेकोछ भने क्षेत्रफलको आधारमा जिल्लाको तेस्रो तथा फक्ताङलुङ र सिरीजङघा गाउँपालिका पछिको ठुलो गाउँपालिका हो । यो गाउँपालिका २७° ३८" देखि २७° ७३" उत्तरी अक्षांस सम्म फैलिएको छ भने ८७° ५०" देखि ८७° ७३" पुर्वी देशान्तर सम्म फैलिएको छ । यो गाउँ पालिका समुद्रि सतहवाट करीब ८०० मिटर देखि ५ ४०० मिटर सम्म फैलिएको छ। यो गाउँपालिका मुख्य रुपमा दक्षिण पश्चिम मोहोडा फर्कीएर रहेको छ । यो गाउँपालिकाको पूर्वमा फक्ताङलुङ गाउँपालिका, पश्चीम तर्फ मिरीङदेन गाउँपालीका, दक्षिण तर्फ फुङलिङ नगरपालिकाको सिमाना भइ बग्ने तमोर नदी र उत्तरमा छिमेकी जिल्ला सङखुवासभा तथा छिमेकी राष्ट चिनको तिब्बत पर्दछ ।

**२.१भूवनावट**

मिक्वाखोला गाउँपलिकाको भु वनावट पनि फरक फरक खालको रहेको छ । यो गाउँपालिकामा उचाइ ८०० देखि ५५०० सम्म रहेको छ ।यहाँको भु वनावटमा पनि विविधता रहेको छ । कतै हिमाल कतै ठुला पहाड कतै सम्म वसेको वेसी, कतै खोच तथा सुख्खा नागी कतै पत्थरिलो तथा कडा चटानीजमीन पाइन्छ । उब्जनीको हिसाबले यो गाउँपालिकाको माटो उर्वर किसीमकै पाइन्छ । गाउँपालिकमा वग्ने खोलाहरु प्रशस्त रहेको हुँदा सिंचाइको प्रयापत संभावना भएको हुदा यो क्षेत्र कृषि उपार्जनका लागी उपयुक्त नै रहेको छ । यध्यपी यो गाउँपालिकाका वासिन्दाहरु पनी प्राचिन वालीहरु जस्तै मकै कोदो गहुँ जौ आदीको अलावा खाध्यन्न एवं अन्न बाली नगदे बाली तथा बेमौसमी उत्पादन तर्फ खासै ध्यान गएको पाइदैन । यो गाउँपालिकामा रहेका खुल्ला फाटहरु चौंरी गाइ भैसी भेडा तथा बाख्रा पालनका लागि भने उपयुक्त रहेको देखिन्छ।यो गाउँपालिकामा हिमाली , उच्च तथा मध्य पहाडी क्षेत्र विच सन्तुलित भएर यसको भौगोलिक स्वरुप रहेकोछ। यहाँ उत्पन्न भएका खोला तथा खोल्सीहरु क्रमशः उत्तरबाट दक्षिण तर्फ र पुर्ववाट पश्चिम तर्फ विभिन्न जलाधार मार्फत वग्ने गर्दछन।भौगोलिक विविधताले गर्दा यहाँ पाईने वनस्पति तथा जैविक विविधतामा समेत एकरुपता देखिदैन ।यस गाउँपालिकामा हिमाली, सितोष्ण, समशितोष्ण र उपोष्ण तथा केही क्षेत्रमा टुन्ड्रा प्रकारको हावापानी पाइने भएकोले भौगोलिक विशिष्टताको आधारमा विभिन्न कृषि व्यवसायहरु सफता पूर्वक सञ्चालन गर्न सकिने देखिन्छ ।

**३ प्राकृर्तीक तथा संस्कृर्तीक सम्पदा**

मिक्वाखोला गाउँपालिकामा प्रकृर्तीक मनोरम झर्ना तथा अनगिन्ती पोखरीहरु रहेकाछन । त्यस्का अलावा मेवाखोला तथा गाउंपालीकाको बिच भाग हुंदै अबिरल बगीरहने न्याजुखोला गोधुमाखोला हाडीखोला ,पबित्र तिर्थस्थल मानाभरा मन्दिर,बौद्ध गुम्बाहरु थुप्रै पर्यटकिय तथा एतिहांसीक महत्व बोकेका ठाउंहरु रहेका छन । जस मध्य केहिलाइ तल प्रस्तुत गरीएको छ ।

### ३.१.फुङफुङे झरना

ताप्लेजुङ जिल्लाको साविक साँवा गा वि स र वर्तमान मिक्वाखोला गाउँपालिका वडा न ४ मा फुङफुङे झरना ईश्वरीय बरदान स्वरुप निरन्तर झरिरहन्छ ।प्राकृतिक सौन्दर्यले धपक्क बलेको र मानिसको मनलाई लोभ्याउने यस झरनाले धार्मिक एवम पर्यटकिय महत्व बोकेको देखिन्छ ।ताप्लेजुङ जिल्लाकै आर्कषणको केन्द्र बन्न सक्ने यस झरनाको वास्तविक उचाई कति हो भन्ने कुरा कसैले बताइएको पाइदैन ।३०० मिटर भन्दा अग्लो चट्टानको काप बाट फुङफुङ गर्दै तल झर्छ ।र फेदमा फुङफुङे देवीको पुजास्थल रहेको छ ।बाह्रै मिहना फुङफुङ झर्ने  र यसको पुजा नगरे अनिष्ट हुने विश्वासका साथ स्थानियले झरनालाई देवीको रुपमा पुजा गर्ने गरेको पाइन्छ ।केही आन्तरिक पर्यटक यहाँ पुग्ने गरे पनि बाह्य पर्यटकको सख्या न्युन रहेको छ ।प्राकतिक सौर्दयको खानी यस झरनाको सुन्दरता अवलोकन गर्न जाने बाटो र खान बस्नको उचित व्यवस्था नहुदा झरना ओझेलमा परेको छ । तेह्रथुमको ह्यातुङ झरना३५९ मिटर अग्लो जहाँ हिउंद महिनामा पानी हुदैन भने सोही झर्ना बरावरकै अग्लो देखिने यस झरनामा बाह्रै महिना एकनासले ठुलो खोला फुङफुङ गर्दै निरन्तर झरीरहने जो कोहीको मन आनन्दीत तुल्याउंने फुङफुङझर्ना प्रचार प्रसारयातायात एवम आवसको व्यवस्था र पुर्वधार बिकास गरेमिक्वाखोला गाउँपालिकाजिल्लाकै एक उत्कृष्ट पर्यटकीय स्थल बन्न सक्ने सम्भावना अत्यान्त धेरै रहेको छ ।




### सोदु पोखरी

मिक्वाखोला गाउँपालिका उतर पश्चिम क्षेत्रमा रहेको गाउँपालिका हो ।वडा नं ५ साविक पापुङ गा वि स मा अवस्थित तोक्पेगोला सोदुपोखरी क्षेत्र पर्यटकीय महत्व बोकेको क्षेत्र हो । तोक्पेगोला गाउँदेखि अलि माथि पश्चिमतिर ३० मिनेट जति हिडेपछि यो सोदु पोखरीमा पुग्न सकिन्छ । पश्चिमम उत्तरान ठूलठुलन डाँडाहरु रहेका छन । ठूलो घाँसे मैदानको बिचमा यो पोखरी रहेको छ । पोखररीको दक्षिणा भागमा गोब्रे सल्लाको हरियो बन जंगल र पोखरी भन्दा माथि मैदानमा विभिन्न प्रकारका सुन्दर मनोरम दृश्य देख्न सकिन्छ। पोखरीको बिचमा जमिनको एउटा थुम्को छ । जहँ एउटा मन्दिर पनि छ । जुन मन्दिरमा भत्तजनहरुले कुलदेवता (छोदे ग्याबु) को रुपमा मान्दछन । तोक्पोलामा गिरने ठुक्पाछेसी जात्रा सोदु पोखरी मन्दिरमा मनाइन्छ ।स्थानिय भाषामा यो पोखरीलाई (छयौदे)भनिन्छ ।क्षेत्रको पूर्वमा फक्ताङलुङ गाउँपालिका उतरमा चीन तिब्बत तथा संखुवासभा जिल्ला पश्चिममा मिरिङदेन गाउँपालिका तथा दक्षिणमा फुङलिङ नगरपालिका सँग जोडिएको छ ।जैविक विविधता प्राकृतिक सुन्दरता धार्मिक ऐतिहासिक बहुभाषिक बहुसास्कृतिक समुदायको संगम स्थलको रुपमा रहेको यहाँ जम्मा २१६ घरधुरी र जनसंख्या रहेको छ ।

नेपालको सबैभन्दा धेरै ताल तलैया तथा हिमताल भएको जिल्लाको रुपमा ताप्लेजुङलाई चिनिन्छ।३०० भन्दा धेरै हिमतालहरु मध्य् सोदुपोखरी , भुत पोखरी, तिनपोखरी, साजुपोखरी , बन्दुके पोखरी , हाँस पोखरी , पाँचपोखरी सुन पोखरी लगायत ५२ वटा पोखरी यस क्षेत्रमा पर्दछ।जैविक विविधताको हिसाबले यो क्षेत्र सिमसार क्षेत्रको विशेषता बोकेको क्षेत्रको रुपमा रहेको छ।



सोदुपोखरी तोक्पेगोलाको सबैभन्दा ठूलो पोखरी हो।यकिन क्षेत्रफल नभए पनि यो पोखरी करीब ५ सय मिटर लम्बाई र २८० मिटर चौडाईमा अवस्थित रहेको छ।यो पोखरीलाई स्थानिय शेर्पा समुदायले कुल देवता ( छोदे ग्याबु )को रुपमा पुजा आजा गरी मनाउने प्रचलन रहेको छ। यहँ बर्षेनी नागपञ्चमीको समयमा मेला लाग्ने गर्दछ।तिब्बती पात्रो अनुसार यो पर्व छैठौ महिनाको शुक्ल चौथीका दिन पर्दछ। तर शेर्पा समुदाय मात्र नभई यो पर्वमा मेवाखोला क्षेत्रको विभिन्न वडाहरुबाट समेत भक्तजनहरु आउने हुनाले प्राय जसो नागपञ्चमी कै दिनलाई महत्व पूर्ण मानिन्छ।

### भूत पोखरी



साविक पापुङ वडा नं १ तोक्पेगोलामा रहेको भुतपोखरी नाम झै केही डर लाग्दो पोखरीको रुपमा परिचित रहेको छ।यो पोखरीको लम्बाइ र चौडाई ज्१५० मिटर रहेको छ। पोखरीको वरिपरि जंगल रहेको छ।किम्बदन्ती अनुसार साँझ विहान मानिस गयो भने पोखरीमा दृष्टि भ्रम भई पोखरी नदेखिने र त्याहा गएपछि मानिसहरुलाई पोखरीले तानेर लैजान्छ भन्ने गरिएकोले यसको नाम भूत पोखरी रहन गएको हो भन्ने गरिन्छ। तोक्पेगोला गाउँ देखि दक्षिण पश्चिम जगलको बिचमा सानो कालो डरलाग्दो पोखरी छ। गाउँ बाट १५ मिनेट जति हिडेपछि यो पोखरी भएको ठाउँमा पुगिन्छ।वरिपरि बाक्लो हिलो र बीचमा कालो पोखरी रहेकोले यो अति डरलाग्दो देखिन्छ। हाल यो पोखरीमा मानिसहरुले दर्शन गर्ने तथा पुजा गर्ने भक्तजनहरुको भिड लाग्ने गर्दछ।यति धेरै पर्यटकीय र जैविक विविधताले प्रचुर सम्भावना बोकेको यो क्षेत्र प्रर्वद्धन र प्रचारप्रसारको अभावमा आधुनिक संसारको छाँयामा परेको देखिन्छ।

**तीन पोखरी**

तोक्पेगोला देखि पूर्वतिर करिब २ घण्टा जति हिडेपछि तीन पोखरी भन्ने ठाउँमा पुगिन्छ। त्यो ठाउँको नामै तीन पोखरी हो। हुन त यो ठाउँमा करिब १०  ,११ वटा ठूला साना पोखरीहरु छन तर पनि एकै ठाउँमा ३ वटा ठूला ठूला पोखरीसँगै रहेकाले ती तीन वटा पोखरीको नाम बाट त्यो ठाउँको नाम तिन पोखरी भनिएको हो।सबैभन्दा माथिल्लो पोखरीलाइ जेठो पोखरी तल्लोलाई माइलो पोखरी र सबैभन्दा तल्लो पोखरीलाई कान्छो पोखरी भन्दछन।

**साजु पोखरी**



तोक्पगोलादेखि पश्चिम दक्षिणतिर पर्ने साजु डाँडा खोचमा यो पोखरी अवस्थित छ र पदयात्रिहरु हिडन् बाटो पोखरीसँगै जोडएको छ। कालो निलो लम्बाकार पोखरीसँग नजिकबाट हिडनु पर्ने बाटो भएकाले यहाँ हिडने जो कोही पदयात्रीहरु पनि उत्साहित हुने गर्दछन। बसन्तपुर गुफापोखरी जलजला हिमाल हुदै तोक्पेगोला जाने बाटोमा यो पोखरी पर्दछ। यस मार्गमा अरु पनि थुप्रै पोखरीहरु रहेका छन। शिवा झरी लुम्बासाम्वा बन्दुके लुङजुङ राते जोरपोखरी सवापोखरी आदि यस क्षेत्रमा  रहेका छन।

**थाङला पोखरी**

तोक्पेगोला बाट हुदै तिब्बत जाने बाटोमा पर्ने थाङला भन्ज्याङको टुप्पोमा रहेको हुनाले यो पोखरीको नाम थाङला पोखरी भनिएको हो। वरिपरि पहरा नै पहराको बिचमा रहेको हुनाले पोखरी अति सुन्दर शान्त निलो देखिन्छ।यो पोखरी तोक्पेगोला देखि उत्तरतिर पदर्छ।

**मानाभारा र वाग्वा पोखरी**

मिक्वाखोला गाउँपालिकाको अर्को सुन्दर उपहारका रुपमा रहेको साविक साँवा गा वि स र खेजेनिमको सिमानामा



अवस्थित मानाभार धार्मिक दृष्टिले महत्वपूर्ण मानिन्छ।मानाभाराको रक्तकाली    देवीको छुट्टै  थान थापना र मानाभाराको वैष्णवी देवीको छुट्टै  थानथपना रहेको कुरा पाईन्छ।धार्मिक ढ्रष्टकोणले महत्वपूर्ण मानिएको र प्रचार प्रसार नभएको यही चुलीको काखमा रहेको अर्को महत्वपूर्ण स्थान वाग्वा पोखरी पनि हो। यो पोखरि पर्यटकीय दृष्टिले अत्यन्त रमणीय र आर्कषक मानिन्छ। मानाभारा दर्शन गर्न जाने दर्शनार्थीहरु यही पोखरीको पानी लिएर पूजा गर्न जाने गर्दछन।यसको अर्को विशेषता

भनेको जङ्गलको बिचमा रहेर पनि कुनै पनि प्रकारका पातपतिङ्गर पोखरीमा देखिदैन ।बाह्रै महिना स्वच्छ रहने यस पोखरीको वरिपरिका जङ्गलमा हिउँदको समयमा अउने चराचुरुङ्गीले पोखरीमा नुहाउने र त्याहाका पाँत पतिङ्गर चुच्चोले टिपेर बाहिर फाल्ने गरेको स्थानियबासीके भनाई रहेको छ ।

पोखरीके उत्पति सम्बन्धि स्थानियबासीको भनाई पनि रोचक रहेको छ ।ताप्लेजुङ फुङलिङ नगरपालिका वडा न ४ मा स्थित तोक्मे डाँडाके पोखरी पुरिएपछि त्रमश यो वाग्वा पोखरी बढदै गएको हो ।यसको वरपर विभिन्न जडीबुटी रहेकोले यस पोखरीको पानीलाई ओषधीका रुपमा समेत प्रयोग गरिदै आएको पाईन्छ ।

**थोनक्पा फुक्कु ओडार**

ताप्लेजुङको मिक्वाखोला गाउँपालिका साविक साँवा गा वि स वडा न २ मा ठूलो ढुङगाको ओडारमा छ ।यसलाई थोनक्पा ओडार भनिन्छ । उहिले उहिले मरेको मान्छेको लासलाई गाडने पोल्ने चलन थिएन । लासलाई बरु यही ओडार ल्याएर राख्ने चलन थियो रे । त्यस ओडार भित्र अहिले पनि मरेका मान्छेहरुका हाडखोर देखिन्छन । तर कस्को हाडखोर हो कस्ले राखेको हो कसैले भन्न सक्दैन । नेपाल एकीकरण अघिको कुरो हो मेवाखोला साम्याङ सिङयाङ हिनाहाङ र पेरिहाङ व्यत्तिहरुमाझ ठूलो युद्ध भयो । युद्धमा धेरै मानिसहरु मारिए ।युद्ध लडदै जादा खाद्यन्न र पानीको ठूलो संकट आइ पर्यो । धेरै दिन सम्म योद्धाहरुले अन्नपानी खान पाएनन कतिले बासको तामाहरु खाएर बाचे तामा नखानेहरु भोकले मरे रे । ती मध्ये एक योद्धा तङदप्पा साँवा त्याहा ओडारमा लुकेर बसेको थियो रे भनी त्यहाका बुढापाकाहरु भन्छन थोनथक्पा ओडारमा भेटिने हाडखोर उही तङदप्पा साँवाको भन्छन । पर्यटकीय र जैविक विविधताले प्रचुर सम्भावना बोकेको यो क्षेत्र प्रर्वद्धन र प्रचारप्रसारको अभावमा हाल सम्म आधुनिक संसारको छाँयामा छ ।

**३.२.मेवाखोला**

यो खोला उच्च हिमाली भेगबाट बाह्रैमास निरन्तर गाउको बिच भाग भएर बग्ने गर्दछ । तललो भागमा पुग्दा मेरीङदेन गाउपालीकाको सिमाना भएर बग्दछ ।यो खोला ले बिधुत उत्पादनको दृश्टीकोणले अथाहा सम्भावना बोकेको छ । यस खोला बाट तमोर मेवा १० १ मे वाटको जलबिधुत निर्माण कार्य का लागी तयारी भइरहेको पाइन्छ । यो योजना सम्पन्न गर्न सके गांउपालीकाको बिकासका का लागी कोषेढुङ्गा साबित हुने निश्चित छ ।भने अर्को तर्फ यो गाउंपालिकाको दक्षीण भाग भएर बग्ने तमोर नदीमा रेयाफटीङको सन्चालनलाइ ब्यवस्थीत गर्न सके यो गाउंपालीकामा पर्यटकहरु का लागी थप आक्रषणको केन्द्र बन्न सक्छ ।



तोक्पेगोलामा मेवा खोला

**४. स्थानीय चार्डपर्व तथा जात्रा मेलाहरुको विवरण**

धार्मिक सहिष्णुता तथा सांस्कृतिक विविधताको विशिष्ठ पहिचान बोकेको मिक्वाखोला गाउँपालिकामा जातजाति अनुसार चार्डपर्व तथा मेलाहरुमा समेत अनेकतामा एकता देख्न सकिन्छ।बिशेषगरी आदिवासी जनजाति, ब्राम्हृण क्षेत्री, दलित तथा अल्पसंख्यक समुदायहरुले सवै चाडपर्वहरु मिलेर मनाउने गरेको अवस्था छ । उल्लेखित जातीहरु मध्ये यो

गाउँपालिकामा लिम्वु जातीको वाहुल्यता रहेको छ। कुल जनसंख्याको ८ १% जनसंख्या लिम्वु जातीको रहेको छ भने अन्य जातीहरुमा शेर्पा वाहुनक्षेत्री तथा दलित रहेकाछन। यहाँ लिम्वु जातीका विशेष चाडहरु , हिन्दु सनातन संस्कृतिका पर्वहरु साथै क्रिसमस समेत धुमधाम संग मनाइने गरिन्छ। चासोक तङनाम, ककफेक्वा तङनाम, बलिहाङ तङनाम,दशै , तिहार, तीज,रामनवमी, शिवरात्री, माघेसंक्रान्ती, कुशेऔशी, उद्यौली, उभौली, बौद्धपुर्णीमा, ङ्युङ्ने, ठुक्पाछेसी, फुटुक, ग्यासो, ल्होसार आदि मनाउने गरिन्छ। भने परम्परागत संस्कृतिमा लिम्वुका धान नाच हाक्पारे हरु शेर्पाहरुका स्याब्रु नाच ¸वालुङ नाच ¸ढोक्प्या नाचधुन्जाङ राइको साकेला वा चन्डी नाच आदि नाच्ने गरिन्छ।लिम्बु जातिले भेषभूषामा तागा¸मेख्ली गरगहनामा साम्याङफुङ¸ कन्ठ सिरबन्दी मुन्द्री बुलाकी नेसे र खानपिनमा तोङवा ¸याङवेन शेर्पा समुदायले भेषभुषामा बख्खु¸दोचा¸आग्डी¸पाङदेन¸केतेन आदि प्रयोग गर्ने गरेको पाइन्छ।मिक्वाखोला गाउँपालिका भित्र मनाइने पर्व¸मेला तथा नाचको विवरण तल प्रस्तुत गरिएको छ।

| क्रस | मुख्य चाडपर्व / मेला नाचको नाम | मनाउने महिना / दिन | मनाउने प्रमुख जाती वा धर्मावलम्वी | कैफियत |
|---|---|---|---|---|
| १ | दशै | असोज कात्तिक चैत्र | सवै | |
| २ | तिहार | कात्तिक मंसिर | सवै | |
| ३ | क्रिसमस | डिसेम्वर २५ | किस्चियन | |
| ४ | माघेसक्रान्ती | माघ १ गते | सवै | |
| ५ | उधौली | बैशाख पुर्णिमा | राई र लिम्बु | |
| ६ | उभौली | मंसिर पुर्णिमा | राई र लिम्बु | |
| ७ | साउने सक्रान्ती | साउन गते | सवै | |
| ८ | ल्होसार | पुष १५ गते | शेर्पागुरुङ, तामाङ | |
| ९ | तीज | भाद्र शुक्ल द्धितिया | वाहुन क्षेत्री | |
| १० | जनै पुर्णीमा | श्रावण पुर्णिमा | वाहुन क्षेत्री | |
| ११ | बुद्धजयन्ती | चन्डी पुर्णिमा | सबै | |
| १२ | फाल्गुनन्द जयन्ती | कातीर्क २५ | किरत धर्मलम्बी | |
| १३ | कृष्ण जन्माष्टमी | भाद्र कृष्ण अष्टमी | वाहुन क्षेत्री | |
| १४ | शिवरात्री | फागुन | सबै | |
| १५ | बाला चर्तुदशी | मंसिर | सबै | |
| १६ | धान नाच | विशेष पर्व मेला | लिम्वु | |
| १६ | चण्डी नाच | उधौली उभौली | राइ | |
| १७ | एकादसी | हरेक एकादशी | वाहुन क्षेत्री | |
| १८ | नाग पन्चमी | श्रावण शुक्ल पन्चमी | वाहुन क्षेत्री | |
| १९ | बसन्त पन्चमी | माघ फग्लुण | वाहुन क्षेत्री | |
| २० | कुसे ओसी | | वाहुन क्षेत्री | |
| २१ | ङ्युङ्ने | | शेर्पा | |
| २२ | ठुक्पाछेसी | | शेर्पा | |
| २३ | फुटुक | | शेर्पा | |
| २४ | ग्यासो | | शेर्पा | |

### ५. पर्यटकीय स्थलहरुको विवरण

मिक्वाखोला गाउँपालिका पर्यटकीय हिसावले महत्वपुर्ण गाउँपालिका हो। यो गाउँपालिका र ताप्लेजुङ जिल्ला मात्र नभई नेपालमा पर्यटकहरुको आगमन हुने प्रमुख पक्ष भनेकै प्राकृतिक सुन्दरता नै हो। दृश्यअवलोकन,गर्नको लागि प्राकृतिक फाँट,झरना,ताल पोखरी यहका प्रमुख पर्यटकीय स्थानहरु हुन। यिनै पर्यटकीय स्थानहरुको विवरण तल प्रस्तुत गरिएको छ।

| क्र स | पर्यटकीय स्थलको नाम | वार्ड नं | महत्व | कैफियत |
|---|---|---|---|---|
| १ | बाघथला | २ | पर्यटकीय क्षेत्र | |
| २ | फुङफुङे झरना | ४ | धार्मिक पर्यटकीय क्षेत्र | |
| ३ | सोदु पोखरी | ५ | पर्यटकीय क्षेत्र | |
| ४ | भूत पोखरी | ५ | धार्मीक सास्कृतीक तथा पर्यटकीय | |
| ५ | सुन पोखरी | ५ | पर्यटकीय क्षेत्र | |
| ६ | कालो पोखरी | ५ | धार्मीक सास्कृतीक तथा पर्यटकीय | |
| ७ | कुहिने पोखरी | ५ | धार्मीक सास्कृतीक | |
| ८ | हाँस पोखरी | ५ | पर्यटकीय क्षेत्र | |
| ९ | गोरुजुरे पोखरी | ५ | धार्मीक सास्कृतीक तथा पर्यटकीय | |
| १० | भुसभुसे पाखरी | ५ | पर्यटकीय क्षेत्र | |
| ११ | मिसी पोखरी | ५ | पर्यटकीय क्षेत्र | |
| १२ | रम्फुले पोखरी | ५ | पर्यटकीय क्षेत्र | |
| १३ | पाँच पोखरी | ५ | धार्मीक सास्कृतीक तथा पर्यटकीय | |
| १४ | लामिडाँडा पोखरी | ५ | धार्मीक सास्कृतीक तथा पर्यटकीय | |
| १५ | तीन पोखरी | ५ | धार्मीक सास्कृतीक तथा पर्यटकीय | |
| १६ | डबला पोखरी | ५ | धार्मीक सास्कृतीक तथा पर्यटकीय | |
| १७ | भौसो पोखरी | ५ | लिम्वु संस्कृति संग सम्वन्धित | |
| १८ | वाग्बा पोखरी | ४ | धार्मीक सास्कृतीक तथा पर्यटकीय | |
| १९ | ओत्रक पोखरी | ४ | धार्मीक सास्कृतीक तथा पर्यटकीय | |
| १९ | फुङफुङे मन्दिर | ४ | धार्मीक सास्कृतीक तथा पर्यटकीय | |
| २० | टासी छयोलिङ गुम्बा | ४ | धार्मीक सास्कृतीक तथा पर्यटकीय | |
| २१ | टासी छयोलिङ गुम्बा | ५ | धार्मीक सास्कृतीक तथा पर्यटकीय | |
| २२ | साङग्याविङ गुम्बा | ५ | धार्मीक सास्कृतीक तथा पर्यटकीय | |
| २३ | लाप्से गुम्बा | ५ | धार्मीक सास्कृतीक तथा पर्यटकीय | |
| २४ | टासी छयकर गुम्बा | ४ | धार्मीक सास्कृतीक तथा पर्यटकीय | |
| २५ | फक्ताङलुङमा मन्दिर | ४ | धार्मीक सास्कृतीक तथा पर्यटकीय | |
| २६ | माङहिम वडा | ३ | धार्मीक सास्कृतीक तथा पर्यटकीय | |

श्रोतः स्थलगत सर्भेक्षण तथा वडा कार्यालय

## ६.सामुदायिक वनको विवरण

ताप्लेजुङ जिल्लामा वन क्षेत्र प्रसस्त रहेको छ। त्यसमापनि यो मिक्वाखोला गाउँपालिकामा उल्लेखनीय रुपमा वन क्षेत्र रहेकोछ।या गाउँपालिका जिल्लाका सुदुर पश्चमउत्तरमा रहेको तथा बिविधता एवं बिषम हावापानीका कारण उष्णप्रदेशिय सदाबाहार जंगल देखी लेकाली बनस्पती झाडी पाथ्रा जस्ता रूखहरू भएका बन जंगल पनी पाइन्छ। हिमाली क्षेत्र भएको हुनाले पनि यो गाउँपालिकामा विशेषगरी हिमाली कोणधारी रुख भएका वनहरु प्रसस्त रहेकाछन। यहाँ१५वटा सामुदायिक वनहरु गठन गरी समुदायलाई हस्तान्तरण गरिएकोछ। हाल सम्म हस्तान्तरित सामुदायिक वनको विवरण तल प्रस्तुत गरिएको छ।

| क्रस | सामुदायिक वनको नाम | वार्ड नं | क्षेत्रफल | घरधुरी र जनसंख्या | | | साबिक वडा |
|---|---|---|---|---|---|---|---|
| | | | | घरधुरी | महिला | पुरुष | |
| १ | कार्तिके | १ | ७०.८६ | ६९ | १९८ | १७७ | ४ |
| २ | मानेडाँडा सल्लेरी | १ | ८.४९ | ४७ | १३१ | १३२ | ३ र ४ |
| ३ | गौरीडाँडा नाकेडाडा | १ | ६७.८१ | ८८ | १४९ | १६० | २ |
| ४ | सल्लेरी हाङगुडे थुम्माटोल | २ | १०२ | २१३ | ६६४ | ६७७ | ५,६,७,८ र ९ |
| ५ | वैराखु | २ | १४६ | ६० | १५६ | १९६ | ८ |
| ६ | खोलाघारी च्यानडाडा नाकेडाँडा | ३ | १७.४२ | १०० | २६५ | २६१ | ३,४,५ र ६ |
| ७ | आइखालम्याक फुङफुङे | ४ | १२६.७४ | ७६ | २३२ | २३२ | २ र ४ |
| ८ | मानाभारा | ४ | ७९.५० | १४१ | ४३५ | ४२६ | ५,६ र ७ |
| ९ | तोक्पेगोला | ५ | १५६.३२ | ६९ | २६० | २५० | १ |
| १० | बतासे दमालीभित्ता | ५ | १३९ | १६९ | ४२७ | २३३ | १,५,६ र ७ |
| ११ | हिमाली जडीबुटी | ५ | १५१.५१ | ५० | २४८ | २०८ | ३ |
| १२ | किलिङ | ५ | १५९.५६ | ५३ | १०३ | १०६ | ८ र ९ |
| १३ | ग्यासीपेम्बा भेडीचोक | ५ | ८८.२० | ५३ | १६३ | १६० | ८ र ९ |
| १४ | सिमसिमे | ५ | ५९.८१ | ६५ | १३३ | २१३ | ३ र ४ |

श्रोतः जिल्ला वन कार्यालय ताप्लेजुङ

## ७.जनसंख्या वितरणको अवस्था

### ७.१.वार्ड अनुसार घरधुरी तथा जनसंख्याको विवरण

मिक्वाखोला गाउँपालिकामा कुल ५ वटा वडाहरु रहेकाछन जहाँ हाल १७४२ घरधुरी रहेकाछन भने जनसंख्या १०१२० रहेकोछ। क्षेत्रफलका हिसावले ताप्लेजुङको तेश्रो ठुलो यो गाउँपालिकामा जनघनत्व भने प्रति वर्ग किलोमिटर १ १४ रहेको छ जुन नेपालको राष्ट्रिय औषत (२००) भन्दा ८६ ले न्युन हो। क्षेत्रफलका आधारमा सवैभन्दा ठुलो वार्ड नं ५ मा जनघनत्व प्रति वर्ग किमि ४ रहेको छ भने जनसंख्याका हिसावले सवैभन्दा ठुलो वार्ड ४ नं मा जनघनत्व १७३ प्रति वर्गकिमि रहेकोछ। यो गाउँपालिकामा महिला पुरुष अनुपात पनि ०.९७ (१०० पुरुष वरावर ९७ जना महिला) रहेको छ। समग्रतामा यो गाउँपालिकामा महिला भन्दा पुरुष को संख्या १७८ ले वढी रहेकोछ। परिवारको औषत आकार ५.८ प्रति घरधुरी रहेकोछ। परिवारको आकारमा सवैभन्दा धेरै ६ .४ वार्ड नं ५ मा रहेको छ भने सवैभन्दा कम ५ .२ वार्ड नं १ मा रहेकोछ। माथि उल्लेखित जनसंख्या सम्वन्धि वार्ड स्तरीय विवरण तल प्रस्तुत गरिएकोछ।

| वार्ड नं | घरधुरी संख्या | जनसंख्या | | | क्षेत्रफल ( वर्ग किमि) | जन घनत्व | परिवारको औषतआकार | महिला पुरुषअनुपात |
|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुप | जम्मा | | | | |
| १ | ३३८ | ८६९ | ८७४ | १७४३ | ९ | १९० | ५.२ | ०.९९ |
| २ | ३१६ | ८९१ | ९४८ | १८३९ | ११ | १७३ | ५.८ | ०.९४ |
| ३ | ३५८ | १०४० | १०८३ | २१२३ | १७ | १२५ | ५.९ | ०.९६ |
| ४ | ५१४ | १४९३ | १५४३ | ३०३६ | ४० | ७६ | ५.९ | ०.९७ |
| ५ | २१६ | ६७८ | ७०१ | १३७९ | ३६६ | ४ | ६.४ | ०.९७ |
| **जम्मा** | १७४२ | ४९७१ | ५१४९ | १०१२० | ४४३ | ११४ | ५.८ | ०.९७ |

श्रोतः घरधुरी सर्भेक्षण २०७५असार

### ७.२.उमेरका आधारमा जनसंख्याको विवरण

उमेका आधारमा मिक्वाखोला गाउँपालिकाको जनसंख्यालाई मुख्य हिसावले भिन्न भिन्न उमेर समुह को जनसंख्या गणना गरिएको छ। त्यस्तै आर्थिक हिसावले सकृय उत्पादनमुलक जनसंख्या र आश्रित जनसंख्या पनि गणना गरिएको छ। यसका संगसंगै सामाजिक सुरक्षाका हिसावले जेष्ठ नागरिकहरुको संख्या समेत गणना गरिएकोछ। यो गाउपालिकामा हाल कायम रहेको १०१२० मध्ये ६० % अर्थात ६०७२ जनसंख्या आर्थिक रुपमा सकृय रहेको छ (१५ देखि ५९ वर्ष सम्मको ) भने ३७ % अर्थात ५९९९ जनसंख्या आश्रित रहेकोछजुन राष्ट्रिय औषत संग वरावर हो । हाल यो गाउपालिकामा कुल जनसंख्याको करीव ३ % अर्थात ३०५ जना जेष्ठ नागरिक रहेकाछन। माथि उल्लेखित विवरण लाई तालिकामा तल प्रस्तुत गरिएकोछ।

| वार्ड नं | ५ वर्ष मुनिका | ५-१४ वर्षसम्म | १५ -५९ वर्षसम्म | ६०-६९ वर्षसम्म | ७० वर्ष माथिका | आश्रितजनसंख्या | | आर्थिक रुपले सकृय | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत |
| १ | २१४ | २९८ | १०६० | १०६ | ६५ | ५१२ | २९ | १०६० | ६१ |
| २ | १८२ | २६९ | ११८९ | १३१ | ६८ | ४५१ | २५ | ११८९ | ६५ |
| ३ | २६७ | ३९२ | १२१६ | १९५ | ५३ | ६५९ | ३१ | १२१६ | ५७ |
| ४ | ३६१ | ५६६ | १८५९ | १५८ | ९२ | ९२७ | ३१ | १८५९ | ६१ |
| ५ | १७८ | ३१५ | ७९२ | ६७ | २७ | ४९३ | ३६ | ७९२ | ५७ |
| जम्मा | १२०२ | १८४० | ६११६ | ६५७ | ३०५ | ४००४ | ४० | ६११६ | ६० |

श्रोतः घरधुरी सर्भेक्षण २०७५ असार

### ७.३. मातृभाषाका आधारमा जनसंख्याको विवरण

मिक्वाखोला गाउँपालिकामा मुख्य रुपमा लिम्वु शेर्पा, क्षेत्री, वाहुन,कामी, गुरुङ राई जातीहरुको वसोवास रहेकोछ। उल्लेखित जातीहरुमा लिम्वु शेर्पा, गुरुङ राई जातीहरुको आफ्नो आफ्नो मातृभाषा रहेको छ तर पनि दैनिक वोलिचालिको हिसावले नेपाली भाषा र लिम्वु भाषा नै प्रमुख रुपमा रहेकोछ। मातृभाषाका आधारमा मिक्वाखोला गाउँपालिकाको जनसंख्यालाई तल प्रस्तुत गरिएकोछः

| वार्ड नं | नेपाली | लिम्वु | शेर्पा | गुरुङ | राई | नेवारी | तामाङ | मगर |
|---|---|---|---|---|---|---|---|---|
| १ | १५२ | १४२ | २५ | ० | ८ | ० | ८ | ३ |
| २ | १८६ | ३९ | ६६ | ३ | १९ | ० | ३ | ० |
| ३ | ३५ | १८१ | १४२ | ० | ० | ० | ० | ० |
| ४ | ६५ | ३७८ | ७१ | ० | ० | ० | ० | ० |
| ५ | ५ | ४३ | १५२ | ० | ० | ० | १६ | ० |
| जम्मा | ४४३ | ७८३ | ४५६ | ३ | २७ | ० | २७ | ३ |

श्रोतः घरधुरी सर्भेक्षण २०७५ असार

### ७.४. धर्मका आधारमा जनसंख्याको विवरण

मिक्वाखोला गाउँपालिका मा वसोवासर गर्ने जातीयताका हिसावले दलित तथा वाहुन क्षेत्री हरु विशेषगरी हिन्दु धर्मावलम्वी हरेका छन भने गुरुङ तथा शेर्पा जातीहरु वौद्ध धर्मावलम्भीहरु रहेकाछन । पछिल्लो समयमा सवै जातजातीका युवाहरुमा क्रिश्चियन धर्ममा प्रति पनि आस्था रहेको पाइएकोछ । यो तथ्याङ्क संकलनको हिसावमा गणकले तथ्याङ्क संकलन गर्न जाँदा विवरण दिने व्यक्तिको सुचनाका आधारमा यो विवरण तयार गरिएकोछ । एउटै घरमा एक भन्दा वढी धर्मावलम्वी भएमा यसमा गणना गरिएको छैन । हालमिक्वाखोला गाउँपालिकामा रहेका १७४२ घरधुरी मध्ये कति धरधुरी कुन धर्म मान्नुहुन्छ भन्ने आधारमा तलको विवरण प्रस्तुत गरिएकोछः

| धर्म | मिक्वाखोला गाउँपालिकाका वार्ड नं हरु | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | एक | दुई | तीन | चार | पाँच | | |
| हिन्दु | १५० | १६१ | ३४ | ४१ | ० | ३८६ | |
| वौध | ४१ | ८७ | १३४ | ९९ | १७३ | ५३४ | |
| किराँत | १४२ | ५६ | १८७ | ३७४ | ४३ | ८०२ | |
| इसाई | ५ | १२ | ३ | ० | ० | २० | |
| जम्मा | ३३८ | ३१६ | ३५८ | ५१४ | २१६ | १७४२ | |

श्रोतः घरधुरी सर्भेक्षण २०७५ असार

### ७.५. जातका आधारमा घरधुरीको विवरण

मिक्वाखोलागाउँपालिकामा जातका आधारमा अग्रस्थानमा लिम्वु जाती आउछ । कुल जनसंख्याको ४६% घरधुरी लिम्वु मात्र रहेको छ । त्यसपछि दोश्रोमा शेर्पा जातीको घरधुरी २७% र तेस्रोमा १३% क्षेत्री जातीको घरधुरी रहेकोछ त्यस्तै चौथौमा कामी जाती रहेको छ जसको ३% घरधुरी रहेकोछ भने । अन्य सबै बाँकी जातीको ११ % रहेको छ जसमा क्रमश गुरुङ, तामाङ, सन्यासी, राइ, दमाई, भुजेल, नेवार, सार्की, सुनुवार र मगर रहेकाछन ।यो गाउँपालिकामा रहेका जातीय आधारमा घरधुरीको विवरण तल प्रस्तुत गरिएको छ ।

| जातजाती | वार्ड नं १ | वार्ड नं २ | वार्ड नं ३ | वार्ड नं ४ | वार्ड नं ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| लिम्वु | १५१ | ४५ | १७८ | ३८३ | ४५ | ८०२ |
| शेर्पा | २५ | ६५ | १४४ | ९१ | १५५ | ४८० |
| क्षेत्री | ७० | १२१ | २२ | १० | ० | २२३ |
| कामी | २२ | १६ | ३ | १० | ० | ५१ |
| गुरुङ | ० | २५ | ० | १२ | ० | ३७ |
| तामाङ | ११ | ४ | ० | ० | १६ | ३१ |
| सन्यासी | १९ | ० | १० | ० | ० | २९ |
| राई | ६ | २३ | ० | ० | | २९ |
| दमाई | १६ | १ | ० | ३ | ० | २० |
| खवास | ६ | ८ | **१** | ३ | ० | १८ |
| बाहुन | ३ | ८ | ० | ० | ० | ११ |
| नेवार | ५ | ० | ० | ० | ० | ५ |
| मगर | ३ | ० | ० | ० | ० | ३ |
| सुनुवार | ० | ० | ० | २ | ० | २ |
| सार्की | १ | ० | ० | ० | ० | १ |
| जम्मा | ३३८ | ३१६ | ३५८ | ५१४ | २१६ | १७४२ |

श्रोतः घरधुरी सर्भेक्षण २०७५ असार

माथी उल्लिखत जातका घरधुरीलाइ जातिय आधारमा तिन बर्गमा प्रस्तुत गरिएको छ। जस्को बिवरण निम्न बमोजिम रहेको छ।

| जात | वडागतजातिय घरधुरी बिवरण | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | **१** | **२** | **३** | **४** | **५** | जम्मा | प्रतिशत |
| जनजाती | २०७ | १७० | ३२३ | ४९१ | २१६ | १४०७ | ८१ |
| खस आर्यन | ९२ | १२९ | ३२ | १० | ० | २६३ | १५ |
| दलित | ३९ | १७ | ३ | १३ | ० | ७२ | ४ |
| जम्मा | ३३८ | ३१६ | ३५८ | ५१४ | २१६ | १७४२ | १०० |

श्रोतः घरधुरी सर्भेक्षण २०७५ असार

### ७.६. जातका आधारमा जनसंख्याको विवरण

मिक्वाखोला गाउँपालिकामा जातका आधारमा माथि उल्लेखित घरधुरीमा रहेको जनसंख्या विश्लेषण गर्दा दमाइ र सार्की वाहेक सवै जातीमा महिलाको तुलानामा पुरुषको संख्या वढी रहेकोछ ।समग्रमा यो गाउँपालिका को जन संख्या पहिलाको भन्दा ९६० संख्याले वढी रहेकोछ। पारिवारको आकारमा पनि प्राय सवै जातीको औषत नै देखिएको छ। यो गाउँपालिकाको **जनसख्या वृद्धिदर १.४९%** रहेकोछ। २०६८ सालको जनसंख्या ९१६० रहेकोमा २०७५ सालमा

१०१२० पुगेको छ। यो गाउँपालिकाको औषत परिवारको आकार ५ .८ प्रतिघरधुरी रहेको छ। जसको विस्तृत विवरण तल प्रस्तुत गरिएकोछः

| जातजाती | वार्ड नं हरु | | | | | |
|---|---|---|---|---|---|---|
| | एक | दुई | तीन | चार | पाँच | जम्मा |
| लिम्वु | ८७७ | २६५ | ११३४ | २३२३ | २६० | ४८५९ |
| शेर्पा | १०९ | ४१८ | ७८० | ३६७ | १०१५ | २६८९ |
| क्षेत्री | ३३० | ६३९ | ११६ | ७९ | ० | ११६४ |
| कामी | ७२ | १०३ | १६ | ५२ | ० | २४३ |
| गुरुङ | ० | १४५ | | ६० | ० | २०५ |
| तामाङ | ३६ | २८ | ० | ० | १०४ | १६८ |
| राई | २३ | १४० | ० | ० | ० | १६३ |
| सन्यासी | ९० | ० | ६७ | ० | ० | १५७ |
| दमाई | ८९ | ७ | ० | १९ | ० | ११५ |
| सुनुवार | ० | २ | ० | ११२ | ० | ११४ |
| भुजेल | २६ | ३८ | १० | २६ | ० | १०० |
| बाहुन | ४२ | ४४ | ० | ० | ० | ८६ |
| मगर | २० | ० | ० | ० | ० | २० |
| नेवार | १९ | ० | ० | ० | ० | १९ |
| सार्की | ८ | १० | ० | ० | ० | १८ |
| जम्मा | १७४३ | १८३९ | २१२३ | ३०३६ | १३७९ | १०१२० |

श्रोतः घरधुरी सर्भेक्षण २०७५ असार

माथी उल्लिखत जातका जनसंख्यालाइ जातिय आधारमा तिन बर्गमा प्रस्तुत गरिएको छ।

| जात | जातिगत जनसंख्या बिवरण | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | जम्मा | प्रतिशत |
| जनजाती | १११२ | १०३६ | १९२४ | २८८६ | १३७९ | ८३३७ | ८२ |
| खस आर्यन | ४६२ | ६८३ | १८३ | ७९ | ० | १४०७ | १४ |
| दलित | १६९ | १२० | १६ | ७१ | ० | ३७६ | ४ |
| जम्मा | १७४३ | १८३९ | २१२३ | ३०३६ | १३७९ | १०१२० | १०० |

श्रोतः घरधुरी सर्भेक्षण २०७५ असार

### ७.७. जातीय तथा लिङ्गीय आधारमा घरमुलीको विवरण

प्रचलनका आधारमा र गृह संचालन प्रकृयाका आधारमा घरमुलीको परिभाषा फरक हुने गरेको छ। प्रचलनका आधारमा घरको जेष्ठ नागरिकलाई घरमुली मान्ने प्रचलन छ भने गृह संचालनका हिसावले घरको कारोवार गर्ने मुख्य व्यक्तिलाई घरमुली भनिन्छ। मिक्वाखोला गाउँपालिकाको अध्ययनको क्रममा यहाकाँ दुवै व्यक्तिहरुको विवरण लिएर विश्लेषण गरिएको छ। जसको विवरण तल प्रस्तुत गरिएकोछ।

### ७.७.१.प्रचलनका आधारमा घरमुलीको विवरण

सामान्यतया घरमुली भन्नाले घरको मुख्य मान्छे हो। मुख्य मान्छे भन्नाले घरको सवैभन्दा जेष्ठ नागरिकलाई मान्नु स्वभाविकै हो। घरका हरेक कार्यको अन्तिम निर्णय लिने व्यक्ति मुख्य भएपनि जेष्ठ नागरिक प्रति देखाउने सद्भाव र आदरका हिसावले घरमुली भनिन्छ। सम्वन्धका हिसावले शव्द विग्रह गरेर हेर्दा यो सहि परिभाषा हो किनकि उ नभएको भए त्यो परिवार नै हुने थिएन अनि परिवार नभए घर नै हुने थिएन। यो मिक्वाखोला गाउँपालिकाको घरधुरी स्तरवाट गरिएको अध्ययन र तथ्याङ्क संकलनले देखाएको प्रचलनका आधारमा घरमुलीको विवरण तल प्रस्तुत गरिएकोछः

| वार्डनं | वाहुन क्षेत्री | | जनजाती | | दलित | | जम्मा | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| १ | ५ | ८७ | २० | १८७ | ३ | ३६ | २८ | ३१० | ३३८ |
| २ | १४ | ११५ | २१ | १४९ | ६ | ११ | ४१ | २७५ | ३१६ |
| ३ | ७ | २७ | २४ | २९६ | ० | ४ | ३१ | ३२७ | ३५८ |
| ४ | ० | १० | २३ | ४६८ | १ | १२ | २४ | ४९० | ५१४ |
| ५ | ० | ० | १२ | २०४ | ० | ० | १२ | २०४ | २१६ |
| जम्मा | २६ | २३९ | १०० | १३०४ | १० | ६३ | १३६ | १६०६ | १७४२ |
| प्रतिशत | १० | ९० | ७ | ९३ | १३ | ८७ | ८ | ९२ | १०० |

श्रोतः घरधुरी सर्भेक्षण २०७५ असार

माथि उल्लेखित विवरण अनुसार करिव ८ % महिलाहरु मात्र घरमुली देखिएको छ। सुक्ष्म अध्ययन वाट अझ के देखिएको छ भने अधिकतम घरमा जेष्ठ नागरिक महिला भएमा घरमुलीमा छोराको नाम लेखिएको पाइएको छ भने जेष्ठ नागरिक पुरुष भएको अवस्थामा भने पुरुष नै लखिएको छ।

### ७.७.२.कारोवारका आधारमा घरमुलीको विवरण

विकास प्रकृयाका हिसावले घरमुली भन्नाले घरको जेष्ठ नागरिक नै हुनुपर्छ भन्ने छैन। घरमुलीको परिभाषा सन्तान उत्पादन र सवैलाई आशिर्वाद दिनसक्ने व्यक्ति हुनुपर्छ भन्ने भन्दा धेरै अगाडी वढीसकेको छ । विकास र सामाजिक परिचालनको हिसावले घरमुली भन्नाले मुख्य रुपमा आर्थिक कारोवारको निर्णय गर्ने प्रमुख व्यक्ति हो। मिक्वाखोला गाउँपालिकामा गरिएको अध्ययनले देखाएको मुख्य कारोवार गर्ने व्यक्तिको विवरण तल प्रस्तुत गरिएकोछः

| वार्डनं | वाहुन क्षेत्री | | जनजाती | | दलित | | जम्मा | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| १ | १५ | ७७ | २६ | १८१ | ७ | ३२ | ४८ | २९० | ३३८ |
| २ | २० | १०९ | २० | १५० | ८ | ९ | ४८ | २६८ | ३१६ |
| ३ | ३ | ३१ | १८ | ३०२ | ० | ४ | २१ | ३३७ | ३५८ |
| ४ | ० | १० | ३१ | ४६० | २ | ११ | ३३ | ४८१ | ५१४ |
| ५ | ० | ० | ७ | २०९ | ० | ० | ७ | २०९ | २१६ |
| जम्मा | ३८ | २२७ | १०२ | १३०२ | १७ | ५६ | १५७ | १५८५ | १७४२ |
| प्रतिशत | १४ | ८६ | ७ | ९३ | २५ | ७५ | ८ | ९२ | १०० |

श्रोतः घरधुरी सर्भेक्षण २०७५ असार

माथि उल्लेखित २ वटा घरमुलीको विवरणले हाम्रो समाजमा देखिएका यथार्थताहरु प्रस्तुत गरेकोछ। जसलाई वुदागत रुपमा तल प्रस्तुत गरिएकोछ।

- अझैपनि काम गरेर पनि अरुलाई नै घरमुली  मान्नु पर्ने अवस्था छ।
- यो गाउँपालिकामा वास्तविक रुपमा  ८ % महिलाहरु घरमुली भएपनि २३ % मात्र देखिएकोछ।
- महिलाहरुलाई घरको जिम्मेवारी सुम्पनेमा दलित जाती अग्र स्थानमा देखिएकोछ। दलितका कुल ७३ घरधुरी मध्ये १७ घरधुरीमा महिलाहरु घरमुली रहेकाछन।
- घरमुलीको जिम्मा महिलाहरुले पाउने मा वैदेशिक रोजगार पनि प्रमुख रहेको छ।  यो गाउँपालिका वाट वैदेशिक रोजगारमा गएका ७७४ जना मध्ये ७२० जना पुरुषहरु नै रहेकाछन।
- तुलानात्मक रुपमा महिला घरमुलीको  संख्या जनजातिमा कम देखिएकोछ।

### ७.८.अपाङ्गता सम्वन्धि  विवरण

अपाङ्ग शव्दको अर्थ कुनैपनि अंग विकृत भएको भन्ने हुन्छ। कतियपय अवस्थामा यो अंग भंग भएको वा विग्रिएको वा भाँचिएको  हुन्छ भने कतिपय अवस्थामा हेर्दा भंग नभएको  तर काम चाहि नगर्ने वा कम गर्ने  हुन्छ। त्यसैले अपाङ्ग शव्द लाई काम संग जोडेर हेर्नु उपयुक्त हुन्छ। नियमित रुपमा समान्य अवस्थामा भन्दा अंग विग्रिएका कारणले काम गर्न नसक्ने अवस्थालाई अपाङ्ग भन्नु पर्छ। जस्तो हात खुट्टा भाँचिएको , नभएको, जलेको आँखा नभएको वा नदेख्ने जस्ता कुराहरु प्रत्यक्ष रुपमा  नै विकृत भएका हुन्छन। तर कान नसुन्ने (वहिरा) प्रत्यक्ष रुपमा हेर्दा अपाङ्ग देखिदैन तर उनीहरु पनि यो परिभाषा भित्र पर्दछन। नेपाल सरकारले गरेको परिभाषाका आधारमा मिक्वाखोला गाउँपालिकाको पनि मुख्य ४ वटा समुहमा राखेर तथ्याङ्क संकलन गरिएकोछ। जसको विवरण तल प्रस्तुत गरिएकोछः

| वार्ड नं | वाहुनक्षेत्री | | | | जनजाती | | | | दलित | | | | जम्मा | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुर्ण | अधिक | मद्यम | आंशिक | पुर्ण | अधिक | मद्यम | आंशिक | पुर्ण | अधिक | मद्यम | आंशिक | पुर्ण | अधिक | मद्यम | आंशिक | |
| १ | ७ | ० | २ | ० | २ | ५ | ९ | १ | ० | ० | ३ | ० | ९ | ५ | १४ | १ | २९ |
| २ | १ | ४ | ३ | ० | ५ | ४ | ८ | १ | ० | ० | २ | ० | ६ | ८ | ११ | १ | २६ |
| ३ | ० | १ | ० | २ | ११ | ६ | ११ | १३ | ० | ० | ० | ० | ११ | ७ | ११ | १५ | ४४ |
| ४ | ० | ० | ० | १ | ९ | २ | ६ | १२ | ० | ० | ० | ० | ९ | २ | ६ | १३ | ३० |
| ५ | ० | ० | ० | ० | ० | ९ | २ | ६ | ० | ० | ० | ० | ९ | २ | ६ | ० | १७ |
| जम्मा | ८ | ५ | ५ | ३ | २७ | २६ | ३६ | ३३ | ० | ० | ५ | ० | ४४ | २४ | ४८ | ३० | १४६ |

श्रोतः घरधुरी सर्भेक्षण २०७५ असार

उल्लेखित विवरण वाट के देखएको छ भने मिक्वाखोला गाउँपालिकामा मा कुल ४५७ जना अपाङ्गहरु रहेकाछन। जसमध्ये पनि सवैभन्दा वढी १५३ जना जना अधिक अपाङ्ग रहेकाछन भने १३१ जना पुर्ण अपाङ्ग रहेकाछन। जातीय हिसावले सवै भन्दा वढी जनजातीमा ३२४ जना अपाङ्ग देखिएको छ भने  दलित मा २८ जना र वाहुनक्षेत्रीमा १२५ जना यो संख्या जातीय सघनताको अनुपातमा कुल जनसंख्याको ५६% जनजाती रहेकोमा अपाङ्गमा ७१% नै रहेको छ।

त्यस्तै कुल जनसंख्या९% दलित रहेकोमा अपाङ्गमा ६% रहेको छ भने कुल जनसंख्यामा ३५% रहको वाहुन क्षेत्री समुदायमा भने अपाङ्गमा २०% रहेकोछ।

**७.९.घरको छानो तथा गारो सम्वन्धि विवरण**

आधारभुत आवश्यकताको प्रमुख तीन पक्ष मध्ये आवास दोश्रो हो तर कुनैपनि व्यक्ति वा समुदायको जीवन स्तर मापन गर्ने आधारमा घर पहिलो नं आउछ। कस्को घर कति राम्रो र सुविधा सम्पन्न छ भन्ने आधारमा उसको जीवन स्तर निर्धारण हुन्छ तर यो तथ्याङ्क संकलन चाहि मिक्वाखोला गाउँपालिकाका कुन घरधुरीको कतिको सुरक्षित आवास छ भन्ने आधारमा विश्लेषण गरिएको छ। सामान्यता फुसको छानो भन्दा ढुंगा इटाको छानो भएको घर वलियो हुन्छ भने भाटा तथा अन्य चिज हरु प्रयोग गरेको भनेको भन्दा ढुंगा माटो वा इटा तथा सिमेन्ट प्रयोग गरेको गारो वलियो र सुरक्षित हुन्छ। सामाजिक सुरक्षामा यो पनि प्रमुख विषय रहेन भएको हुनाले वार्ड स्तरमा त्यसको विवरण संकलन गरिएको छ प्राविधिक हिसावले चाहि गारो कस्तो हुनुपर्छ र कस्तो छ भन्ने विषयमा भने विवरण संकलन गरिएको छैन जुन तल प्रस्तुत गरिएकोछः

| वार्ड नं | छानाकोप्रकार | | | | | गारोकोप्रकार | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | खर | टीन | ढलान | ढुंगा | अन्य | ढुंगाइटा माटो | ढुंगाइटा सिमेन्ट | काठ | वाँस | टीन | अन्य | |
| १ | १९५ | १२९ | १ | २ | ११ | ३०१ | ५ | ३ | २८ | १ | ० | ३३८ |
| २ | ७७ | २३८ | ० | ० | १ | ३०० | ० | ५ | ११ | ० | ० | ३१६ |
| ३ | ११० | २०१ | ३ | २ | ४२ | ३०५ | ६ | ४ | ३३ | १० | ० | ३५८ |
| ४ | १६ | ४९८ | ० | ० | ० | ४६९ | ० | ११ | २२ | १२ | ० | ५१४ |
| ५ | ७६ | १३९ | ० | ० | १ | २१६ | ० | ० | ० | ० | ० | २१६ |
| जम्मा | ४७४ | १२०५ | ४ | २ | ५५ | १५९१ | ११ | २३ | ९४ | २३ | ० | १७४२ |
| % | ३३ | ६३ | ०.४ | ०.३ | ३ | ९१ | ०.६१ | १.५० | ५.३९ | १.५० | 0 | १०० |

श्रोतः घरधुरी सर्भेक्षण २०७५ असार

यो तालिकाले देखाए अनुसार मिक्वाखोला गाउँपालिकाका कुल १७४२ घरधुरी मध्ये ७२% घरधुरी टिनको छानोभएका छन भने २२% खरको छानो त्यस्तै २% ढलान छानो रहेको छ भने १४ वटा घरधुरिको छानो ढलान गरिएकोछ। त्यस्तै गारोको हकमा ९२% घरको गारो ढुंगा माटोको वनेको छ सिमेन्ट प्रयोग गरिएका ५% त्यस्तै काठ वाँस तथा प्रयोग गरेर वनाएका घरहरु ३ % रहेकाछन। यसले के देखाउछ भने सवैजसो घरधुरिहरु उपयुक्त आवास छन।

**७.१०.घर सम्म पुग्ने वाटो सम्वन्धि विवरण**

मिक्वाखोला गाउँपालिका ताप्लेजुङ जिल्लाकै दुर्गम गाउँपालिका हो सडक संजालमा कच्चि वाटोको रुपमा जोडिएको छ तर पनि यो सवै मौसममा गाडी चल्न सक्ने अवस्था छैन ।तमोर नदीमा पुल नभएकोले भने वाटो प्राविधिक रुपमा पनि उपयुक्त देखिदैन । यस गाउंपालीकाको केही वडा सम्म यातायातको लागि मोटरसाइकल तथा ट्याक्टर न्युन प्रयोग भएको छ भने बस र जिपतमोर नदीमा पुल नभएकोले चल्न सकेको छैन ।यो गाउँपालिका भित्र ६ % अर्थात ११७ घरधुरी मात्र कच्ची सडक संजालमा जोडीएको छ भने अझै ९३% अर्थात१६२५ घरधुरीले आफ्नो घर पुग्नकालागि गोरेटो वाटो नै प्रयोग गर्नु पर्ने अवस्था छ । घरधुरीको पहुँचका आधारमा वार्ड स्तरीय विवरण तल प्रस्तुत गरिएकोछ ।

| वार्ड नं | घरपुग्ने वाटो | | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | गोरेटो | घोरेटो | कच्ची | ग्राभेल | पक्की | |
| १ | २१४ | २३ | १०१ | ० | ० | |
| २ | ३१४ | ० | २ | ० | ० | |
| ३ | ३४५ | १० | ३ | ० | ० | |
| ४ | ४८० | २३ | ११ | ० | ० | |
| ५ | २१६ | ० | ० | ० | ० | |
| जम्मा | १५६९ | ५६ | ११७ | ० | ० | |
| प्रतिशत | ९०% | ३.२९% | ६.७१% | ० | ० | |

श्रोतः घरधुरी सर्भेक्षण २०७५ असार

**७.११.स्वामित्वका आधारमा घरधुरीको विवरण**

गाउँपालिका भित्र हाल वसोवास गर्दै आएका १७४२ घरधुरी मध्ये १६७२ घरधुरीको आफ्नै निजी घर हुनु राम्रो पक्ष हो । भाडामा वस्ने वा साहुकोमा अधियामा वा ज्यालमा वसोवास गर्ने ९२ घरधुरी रहेकाछन । संस्थागत घरमा वसोवास गर्ने घरधुरी १ रहेको छ र अन्य २८ घरधुरी रहेकाछन । यसले के देखाएकोछ भने मिक्वाखोला गाउँपालिकामा हाल ९२ घरधुरीको आफ्नो निजि आवास छैन त्यसको व्यवस्थापनको जरुरी रहेकोछ । स्वामित्वका आधारमा वार्ड स्तरीय घरधुरिको विवरण तल प्रस्तुत गरिएकोछः

| वार्ड नं | घरको स्वामित्व | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | नीजि | भाडा | संस्थाको | सरकारी | अन्य | |
| १ | ३२४ | १४ | १ | ० | ० | ३३९ |
| २ | ३२८ | १३ | ० | ० | १५ | ३५६ |
| ३ | ३२२ | २३ | ० | १ | १३ | ३५७ |
| ४ | ४९९ | १५ | ० | ० | ० | ५१४ |
| ५ | १९९ | १७ | ० | ० | ० | २१६ |
| जम्मा | १६७२ | ९२ | १ | १ | २८ | १७४२ |
| प्रतिशत | ९५ % | ५ % | ०.०५ | ०.०५ | १.६० | |

श्रोतः घरधुरी सर्भेक्षण २०७५ असार

### ७.१२. एकल जनसंख्याको विवरण

सरकारी परिभाषाले जे जसरी व्याख्या गरेको भएपनि यो गाउँपालिकाको हकमा एकल जनसंख्या भन्नाले विवाह पश्चात श्रीमान मरेर विधवा भएकी श्रीमती तथा श्रीमती मरेर विधुर भएको श्रीमानको रुपमा परिभाषित गरिएकोछ। नेपाल परापुर्व काल देखि नै पितृ सत्तात्मक देश भएको हुनाले धेरैजसो अवस्थामा श्रीमती मरेपछि श्रीमानले पुन विवाह गर्ने गरेको तर श्रीमान मरेपछि श्रीमती चाहि त्यतिकै वसेको अवस्था देखिन्छ। प्राविधिक हिसावले पनि श्रीमानले पुन विवाह गर्दा उसको कुनै सन्तान सम्पत्ति थर गोत्रमा समस्या नहुने र श्रीमती ले पुन विवाह गर्दा अर्को घरमा जानु पर्ने सम्पत्ती तथा सन्तान नै छोड्नु पर्ने भएकोहुनाले पनि यो संख्या कम रहने गर्दछ। हिन्दु संस्कार र वाहुन क्षेत्री समुदायमा त यसको अझ धेरै प्रभाव रहेको छ। मिक्वाखोला गाउँपालिकामा हाल ३४२ जना एकल जनसंख्या रहेको छ जसमध्ये २२३ जना महिला र ११९जना पुरुष रहेकाछन। जातीय हिसावले हेर्दा यो गाउँपालिकामा जनजातीमा सवैभन्दा वढी १७१ जना विधवा र ९८ जना विधुर रहेकाछन भने वाहुन क्षेत्रीमा ४० विधुवा र १५ विधुर त्यस्तै दलित जातीमा १२ जना विधवा र ६ विधुर रहेकाछन। वार्ड स्तरीय र जातीय रुपमा मिक्वाखोला गाउँपापलिकाको विवरण तल प्रस्तुत गरिएकोछः

| वार्ड नं | वाहुनक्षेत्री | | जनजाती | | दलित | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | विधवा | विधुर | विधवा | विधुर | विधवा | विधुर | विधवा | विधुर | जम्मा |
| १ | १२ | ७ | २४ | ९ | ६ | ५ | ४२ | २१ | ६३ |
| २ | २२ | ६ | २० | १६ | ४ | ० | ४६ | २२ | ६८ |
| ३ | ५ | २ | ४२ | २० | ० | ० | ४७ | २२ | ६९ |
| ४ | १ | ० | ५८ | ४९ | २ | १ | ६१ | ५० | १११ |
| ५ | ० | ० | २७ | ४ | ० | ० | २७ | ४ | ३१ |
| जम्मा | ४० | १५ | १७१ | ९८ | १२ | ६ | २२३ | ११९ | ३४२ |

श्रोतः घरधुरी सर्भेक्षण २०७५ असार

### ७.१३. पेशाका आधारमा जनसंख्याको विवरण

मिक्वाखोला गाउँपालिकाको पेशाका आधारमा यहाँको जनसंख्यालाई पारिवारिक रुपमा उल्लेख गर्ने परम्परालाई संसोधन गर्दै हाल कायम रहेको १५ वर्ष भन्दा माथिको संख्यालाई मात्र पेशाका आधारमा वर्गीकरण र विश्लेषण गरिएकोछ। यो गाउँपालिकाको कुल जनसंख्या १०१२० मध्ये १४ वर्ष भन्दा मुनीको संख्या ३०४२ लाई घटाउदा वाँकीरहन आएको ७०७८ जना मध्ये कतिजना कुन व्यवसायमा संलग्न रहेकाछन भन्ने कुरा विश्लेषण गरिएकोछ। मिक्वाखोला गाउँपालिकाको जनसंख्यालाई सहभागिताको आधारमा मात्र हेर्दा यहाँको प्रमुख पेशा कृषि देखिएको छ। यहाँको कुल जनसंख्याको ४८% अर्थात ३४६३ जनसंख्या कृषि पेशामा आवद्ध रहेको भने व्यापारमा २% अर्थात १२९ जना र उध्योगमा १% अर्थात ७९ जना जनसंख्या रहेकोछ। त्यसैगरी ३% अर्थात २३७ जनसंख्या स्वदेश भित्र विभिन्न सरकारी तथा गैह्रसरकारी नोकरीमा आवद्ध रहेकोछ। हाल वैदेशिक रोजगारीमा रहेको संख्या पनि उल्लेख्य रहेकोछ¸कुल उत्पादनशिल जनसंख्याको ७% अर्थात ४७४ जनसंख्या वैदेशिक रोजगारीमा रहेकोछ भने १०% अर्थात ७३६ जनसंख्या दक्ष तथा अदक्ष ज्यालादारीमा संलग्न रहेको छ। यसरी कुल उत्पादनशिल जनसंख्याको ७१% कुनै न कुनै

पेशामा संलग्न रहेको भने वाँकी २९ % पेशा मा संलग्न देखिदैन। २९% मध्ये २४% अर्थात १६७६ जना हाल विद्यालय तथा क्याम्पस स्तरमा अध्ययन रत रहेका छन भने ५% अर्थात २८४ जना कुनैपनि पेशामा संलग्नता देखिदैन (यो संख्यामा जेष्ठ नागरिकहरु समेत समावेश भएकाछन )। पेशामा संलग्नताका आधारमा मिक्वाखोला गाउँपालिकाको वार्ड स्तरीय विवरण तल प्रस्तुत गरिएकोछः

| वार्ड नं | कृषि | व्यापार | उद्योग व्यवसाय | नोकरी | ज्यालादारी | वैदशिक रोजगार | विद्यार्थी | पेशाहीन | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ५७९ | ३७ | ३ | ३८ | ६९ | १०५ | ३१७ | ८३ | १२३१ |
| २ | ६९० | ५ | ५ | ५२ | २९४ | ११८ | २१६ | ८ | १३८८ |
| ३ | ५३१ | ३० | ३३ | ७२ | ३१० | ८३ | ३०६ | ९९ | १४६४ |
| ४ | १२३८ | ३२ | ४ | ४८ | २९ | ११२ | ६२७ | १९ | २१०९ |
| ५ | ४२५ | २५ | ३४ | २७ | ३४ | ५६ | २१० | ७५ | ८८६ |
| जम्मा | ३४६३ | १२९ | ७९ | २३७ | ७३६ | ४७४ | १६७६ | २८४ | ७०७८ |

श्रोतः घरधुरी सर्भेक्षण २०७५ असार

माथि उल्लेखित तालिकालाई अध्ययनको सहजताका लागि स्तम्भ चित्र मार्फत निम्नानुसार देखाइएकोछः




उल्लेखित चित्रले के देखाएको छ भने उत्पादनशिल जनसंख्या को ठुलो हिस्सा अझै पनि पेशा वाहिर रहेको छ। ३२% जनसंख्या पेशामा संलग्न नहुनुले जीवन निर्वाहमा अवस्य नै प्रभाव पार्दछ। कृषि पेशामा यति ठुलो संख्या संलग्न हुदा पनि जीवीकोपार्जनको मुख्य आधार वन्न सकेको छैन। खेती प्रणलीमा भित्रिएको रसायनिकता¸ परिश्रम र उत्पादनको त्रिपक्षीय विश्लेषण गर्दा आम्दानी भन्दा वढी खर्च लाग्ने देखिएको छ। यो अवस्था भनेको कृषिलाई मुख्य पेशा वनाउनेहरुका लागि

राम्रो हैन ।माथि उल्लेख गरिएको पेशाका आधारमा जुन विवरण रहेको छ त्यसमा २ वटा शिर्षकलाई सुक्ष्म रुपमा अध्ययन गर्नको लागि खण्डिकृत गरिएको छ । नोकरी र ज्याला २ वटा महत्वुर्ण शिर्षक हरु मध्ये नोकरी भित्र मुख्य रुपमा ३ खण्ड रहेका छन । पहिलो सरकारी दोश्रो गैह्रसरकारी र तेश्रो नीजि त्यसै गरी सरकारी भित्र पनि स्थायी अस्थायी र पेन्सन खाने कर्मचारीहरु रहने तथा गैह्रसरकारी भित्र पनि राष्ट्रिय गैह्र सरकारी र अन्तराष्ट्रिय गैह्रसरकारी संस्थामा कार्यरत कर्मचारी रहने भएको हुनाले त्यसलाई खण्डिकृत गरिएको छ । नोकरी पेशा मा संलग्न २३७ जना मध्ये कुन कुन क्षेत्रमा कति कति संलग्न छन भन्ने कुरा समावेस गरिएको छ । त्यस्तै ज्यालादारी अन्तरगत पनि दक्ष ज्यालादारी आजको आवश्यकता हो त्यसैले दक्ष कामदार भएर लिएको ज्याला हो या अदक्ष कामदारको रुपमा लिएको ज्याला हो सो को विश्लेषण गर्नु पर्ने भएको हुनाले ज्यालादारी पेशामा संलग्न ७३६ जना मध्ये कति दक्ष र कति अदक्ष कामदार हुन भन्ने विवरण संकलन गरिएको छ जसको विवरण तल प्रस्तुत गरिएकोछ ।

| वार्ड नं | सरकारी नोकरी | | | | गैह्रसरकारी नोकरी | | | नीजि श्रोत | ज्यालादारी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्थायी | अस्थाई | पेन्सन | जम्मा | NGO | INGO | जम्मा | | दक्ष | अदक्ष | जम्मा |
| १ | १ | १० | २२ | ४ | ३६ | ० | ० | ० | २ | १० | ५९ |
| २ | २ | २२ | २० | ३ | ४५ | ० | ० | ० | ७ | २९० | ४ |
| ३ | ३ | १२ | १२ | ३२ | ५६ | ० | ० | ० | १६ | ९८ | २१२ |
| ४ | ४ | १५ | १७ | ६ | ३८ | ३ | ० | ० | ७ | १६ | १३ |
| ५ | ५ | ९ | ८ | १ | १८ | १ | १ | २ | ७ | २३ | ११ |
| जम्मा | जम्मा | ६८ | ७९ | ४६ | १९३ | ४ | १ | २ | ३९ | ४३७ | २९९ |

श्रोतः घरधुरी सर्भेक्षण २०७५असार

### ७.१४. विशेष सीपयुक्त जनसंख्याको विवरण

मिक्वाखोला गाउँपालिकाको समृद्धिका लागि विशेष सीपयुक्त जनशक्तिको प्रधानता रहन्छ । विशेष गरेर यो क्षेत्रमा डाक्टर इन्जिनियर वकील लेखाव्यवसायी ,पत्रकार आयुर्वेद विज्ञ (जडिवुटीका वारे ज्ञान भएका) तथा धामी झाक्री लगायत के कति छन भन्ने वारेमा तथ्याङ्क संकलन गरिएको छ । यो गाउँपालिकामा उल्लेखित विशेषज्ञहरु को संख्या कम रहेकोछ तरपनि संभावना भने देखिएकोछ । हाल उपलव्ध सीपयुक्त जनसंख्याको विवरण तपशिलमा उल्लेख गरिएकोछ ।

| वार्ड नं | डाक्टर | इन्जीनीयर | पुरोहित | सिकर्मी | डकर्मी | वैद्य | धामी | वकील | पत्रकार | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | ० | ४ | २ | ४ | १ | २६ | ० | ० | ३८ |
| २ | ० | ९ | ० | ११ | १३ | २ | २२ | ० | ० | ५७ |
| ३ | ० | १ | ३ | १४ | २७ | ३ | १४ | ० | ० | ६२ |
| ४ | ० | १ | ० | ५५ | ३८ | ३ | ४३ | ० | ० | १४० |
| ५ | ० | ० | ८ | ६ | ३ | ० | २ | ० | ० | १९ |
| जम्मा | १ | ११ | १५ | ८८ | ८५ | ९ | १०७ | ० | ० | ३१६ |

श्रोतः घरधुरी सर्भेक्षण २०७५ असार

माथि उल्लेखित विवरण अनुसार मिक्वाखोला गाउँपालिका मा १ जना डाक्टर ११ जना इन्जीनियर १५ जना पुरोहित ८८ जना सिकर्मी ८५ जना डकर्मी ९ जना वैद्य तथा १०७ जना धामी गरी कुल ३१६ जना सीपयुक्त जनशक्ती रहेकोछ

**७.१५. वैदेशिक रोजगार सम्वन्धि विवरण**

नेपाल कृषि प्रधान देश भएपनि यहाँका लाखौ युवाहरु यो पेशामा आकर्षित देखिदैन भने यहाँ कृषि पेशा सम्मानित पनि देखिदैन। उपभोगका हिसावले प्राय सवै नेपालीहरु स्थानीय स्तरमा उत्पादन भएका , रासयानिक मल प्रयोग नगरेका , स्थानीय वीउ प्रयोग गरिएकार विषादी प्रयोग नगरिएका उत्पादनहरु मन पराउने तर तीनै वस्तु उत्पादकले चाहि अपमान व्यहोर्नु पर्ने अवस्था वाट यो गाउँपालिका पनि अलग छैन। हाल यो गाउँपालिकाको कुल उत्पादनशिल जनसंख्याको ५% जनशक्ति जुन सवैभन्दा उर्वर उमेरमा हिडिरहेकोछ , वैदेशिक रोजगारमा छ। केहि लाइ छोडेर वैदेशिक रोजगरमा गएकाहरुले गरेको श्रम यो देशमा गर्ने हो भने लाखौ कमाउन सकिने अवस्था रहेको छ। यो गाउँपालिकाको आम्दानीको २०% वैदेशिक रोजगारवाट प्राप्त भएको तथ्य उल्लेखनीय रहेको छ। ५ % जनशक्तिले २०% आम्दानी हासिल गरेको परिप्रेक्षलाई वेवास्ता गर्ने सकिदैन। यदि वैदेशिक रोजगारलाई यो गाउँपालिका वाट अलग्याउने हो भने करीव करीव भोकमरीको अवस्था सृजना हुन सक्छ। हाल यो गाउँपालिकाका ४७४ जना युवाहरु जसमध्ये ३७ जना महिला र ४३७ जना पुरुष रहेकाछन जसको वार्ड स्तरीय संगै जातीय र लिंगीय विवरण तल प्रस्तुत गरिएकोछ।

| वार्ड नं | वाहुनक्षेत्री | | जनजाती | | दलित | | जम्मा | | | महिला % |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | जम्मा | |
| १ | ० | ३१ | ६ | ५० | २ | १६ | ८ | ९७ | १०५ | २ |
| २ | २ | ३५ | ६ | ७० | ० | ५ | ८ | ११० | ११८ | २ |
| ३ | ० | ३ | ४ | ७५ | ० | ० | ४ | ७९ | ८३ | १ |
| ४ | ० | ० | ११ | ९५ | ० | ६ | ११ | १०१ | ११२ | ३ |
| ५ | ० | ० | ६ | ५० | ० | ० | ६ | ५० | ५६ | १ |
| जम्मा | २ | ६९ | ३३ | ३३४ | २ | २७ | ३७ | ४३७ | ४७४ | ८ |

श्रोतः घरधुरी सर्भेक्षण २०७५ असार

### ७.१६. चर्पी उपयोग सम्वन्धि विवरण

मिक्वाखोला गाउँपालिका खुल्ला दिसा मुक्त गाउँपालिका भएपनि अझै सवै घरमा चर्पी निर्माण हुन सकेको छैन। कतिपय घरधुरीमा चर्पी निर्माण नै नभएको अवस्था छ भने कतिपय घरधुरिमा एकाघरवाट छुट्टि भिन्न भएका कारण चर्पी निर्माण हुन सकेको छैन। हाल मिक्वाखोला गाउँपालिकामा १७४२ घरधुरी मध्ये १६९४ घरधुरीमा पक्की पेनवाला चर्पी रहेको छ भने ३६ घरधुरीमा साधारण खाल्डे चर्पी रहेकोछ। अझैपनि ९ घरधुरीमा कुनैपनि चर्पी वनाइएको छैन। चर्पी नभएका घरधुरी मध्ये जनजातिकोमा ५ वटा वाहुन क्षेत्री १र दलितको मा ६ वटा रहकोछ। चर्पी निर्माण संगै यसको उपयोगमा पनि जोड दिनु पर्ने देखिन्छ। हाल मिक्वाखोला गाउँपालिकामा चर्पी निर्माण र उपयोग सम्वधी जातीय तथा वार्ड स्तरीय विवरण तल प्रस्तुत गरिएकोछ।

| वार्ड नं | वाहुनक्षेत्री | | | जनजाती | | | दलित | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पक्की | खाल्डे | नभएको | पक्की | खाल्डे | नभएको | पक्की | खाल्डे | नभएको | पक्की | खाल्डे | कुल जम्मा | नभएका जम्मा |
| १ | ९२ | ४ | ० | १९९ | ७ | २ | २९ | ४ | ३ | ३२० | १५ | ३३५ | ५ |
| २ | १२५ | २ | १ | १६७ | ३ | १ | १७ | ० | ० | ३०९ | ५ | ३१४ | २ |
| ३ | ३१ | ० | ० | ३१४ | ९ | ० | ४ | ० | ० | ३४९ | ९ | ३५८ | ० |
| ४ | १० | ० | ० | ४८४ | ० | २ | १३ | ० | ० | ५०७ | ० | ५०७ | २ |
| ५ | ० | ० | ० | २०९ | ७ | ० | ० | ० | ० | २०९ | ७ | २१६ | ० |
| जम्मा | २५८ | ६ | १ | १३७३ | २६ | ५ | ६३ | ४ | ३ | १६९४ | ३६ | १७३० | ९ |

श्रोतः घरधुरी सर्भेक्षण २०७५ असार

### ७.१७. परिवार नियोजन सम्वन्धि विवरण

मिक्वाखोला गाउँपालिकामा परिवार नियोजनको झट्ट हेर्दा संख्या कम देखिएको छ कतिपयले यो विषय लुकाएर सुचना नदिएको जस्तो लाग्यो तर सुक्ष्म रुपमा अध्ययन गर्दा यो संख्या यहाँका लागि पर्याप्त लाग्दछ। यो गाउँपालिकामा जम्मा जनसंख्या १०१२० मध्ये १५ देखि ५९ वर्ष सम्मको जनसंख्या ६७७३ हो। यो जनसंख्या भित्र करीव २०% अविवाहित छन र करीव २० % पैतालिस वर्ष माथि अर्थात परिवार नियोजन आवश्यक नपर्ने भइसकेकाछन। वाँकी रहेको ६०% भन्नाले ४०६३ हुन आउछ। यही संख्या भित्र ४७४ जना वैदेशिक रोजगारमा गएको छन। वैदेशिक रोजगारमा गएमा मध्ये करीव ३२६ जना विवाहित छन र अपवाद वाहेक श्रीमान श्रीमती गएका छैनन। यसले यहाँ वसेका ३२६ श्रीमान वा श्रीमतीलाई परिवार नियोजन आवश्यक परेन। यसले कुल संख्यामा ८०० ले घटायो। उल्लेखित संख्या ४०६३ मा ८०० घटाउदा वाँकी रह्यो ३२६३ । यो संख्या मध्ये ८२८ जनाले परिवार नियोजनका साधन प्रयोग गर्दछन। जसको अर्थ अरु ८२८ जनालाई यसले प्रभावित गर्दछ अन्तिम वाँकी रहेको २४३५। यो संख्या कुल ६७७३ को ३५% मात्र हुन आउछ। यसरी हेर्दा यहाँको आवश्यक पर्ने मध्ये ६५% जनसंख्या परिवार नियोजनमा कुनै न कुनै रुपमा संलग्न

रहेको पाइन्छ। यो सचेतनाको ठिबै उदाहरण हो। मिक्वाखोला गाउँपालिकाको परिवार नियोजन सम्वन्धि विवरण वार्ड तथा जातीय आधारमा तल प्रस्तुत गरिएकोछ।

| वार्ड नं | वाहुनक्षेत्री | | जनजाती | | दलित | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | स्थायी | अस्थायी | स्थायी | अस्थायी | स्थायी | अस्थायी | स्थायी | अस्थायी | जम्मा |
| १ | ६ | ६ | ३ | १७ | ३ | ७ | १२ | ३० | ४२ |
| २ | १४ | ९ | ११ | ७ | ४ | ० | २९ | १६ | ४५ |
| ३ | ३ | १० | ५ | २२० | १ | २ | ९ | २२० | ३५८ |
| ४ | १ | २ | ८६ | ३७१ | २ | ४ | ८९ | ३७९ | ४६८ |
| ५ | ० | ० | १३ | ३१ | ० | ० | १३ | ३१ | ४४ |
| जम्मा | २४ | २७ | ११८ | ६४६ | १० | १३ | १५२ | ६७६ | ८२८ |

श्रोतः घरधुरी सर्भेक्षण २०७५

### ७.१८.दीर्घरोगी सम्वन्धि विवरण

दीर्घ रोग भन्नाले लामो समय सम्म असर गर्ने खालको औषधी खाई रहनु पर्ने रोगहरुलाई जनाउछ। कतिपय रोगहरुमा नियमित औषधी खाइरहनु पर्दैन तर खानेकुराहरुमा निगरानी राख्नु पर्छ भने कतिपय रोगहरुमा नियमित रुपमा औषधी खानु पर्ने हुन्छ। नेपाली समाजमा देखिएका साझा प्रकृतिका रोगहरुको वारेमा नाम नै किटान गरी सुचना संकलन गरिएकोछ। जसको आधारमा यो मिक्वाखोला गाउँपालिकामा कुल ५७० जना दीर्घ रोगी रहेकाछन। यो संख्या धेरै नै हो जसमध्ये ४५ जनामा मधुमेह अर्थात चिनिरोग रहेको छ यी रोगीहरुले नियमित रुपमा औषधी सेवन गर्नु पर्दैन तर खानामा सावधानी भने पुरै अपनाउनु पर्छ। त्यस्तै २४ जनामा क्षयरोग लागेको छ। यो रोग लागेका हरु ले नियमित रुपमा ६ महिना देखि १ वर्ष सम्म औषधी सेवन गरेमा निको हुनसक्छ। अर्को दीर्घ रोगमा क्यान्सर रहेको छ। यो रोग लागेका १६ जना व्याक्तीहरु छन ,यसको महङ्गो र लामो उपचार गरे निकोहुन सक्छ। त्यस्तै मृगौला सम्वन्धी समस्या भएका कुल १५ जना रोगीहरु छन। प्रारम्भिक चरणमा यसको उपचार गर्न सकिन्छ भने पछिल्लो अवस्थामा प्रत्यारोपण नगरी निको हुदैन यो पनि महङ्गो र लामो उपचारको आवश्यकता पर्दछ। यो गाउपालिकामा सवै भन्दा धेरै दीर्घरोगीहरुमा दम रोगीको संख्या रहेकोछ। यहाँ कुल १५९ जना दम रोगीहरु रहेकाछन। यो रोग जीवनको उत्तरार्धमा लागेको भए उपचार हुने कम संभावना रहेको छ भने युवाहरुमा भए लामो उपचार गर्न सके निको हुन्छ। हाल यो गाउँपालिकामा कुल १४९ जना वाथरोगीहरु रहेकाछन। यसको लागि पनि नियमित औषधी सेवन गर्न सके उपचार हुन्छ। यी सवैका अतिरिक्त १३७ जना लाइ अन्य खालका दीर्घरोगहरु लागेको पाइएकोछ। मिक्वाखोला गाउँपालिकाका दीर्घरोगीहरुको वार्डस्तरीय विवरण तल प्रस्तुत गरिएकोछ।

| वार्ड नं | मधुमेह | पक्षघात | टिवि | क्यान्सर | मृगौला विग्रेको | दम | वाथ | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १० | १ | २ | १ | ३ | १९ | २२ | ३ | ६१ |
| २ | १३ | ९ | २ | ११ | ९ | ६८ | ७२ | ६५ | २४९ |
| ३ | ९ | ५ | १ | १ | ० | १५ | ३२ | ३२ | ९५ |
| ४ | १३ | ७ | १२ | ३ | ३ | ५५ | १९ | ९ | १२१ |
| ५ | ० | २ | ८ | ० | ० | २ | ४ | २८ | ४४ |
| जम्मा | ४५ | २४ | २५ | १६ | १५ | १५९ | १४९ | १३७ | ५७० |

श्रोतः घरधुरी सर्भेक्षण २०७५

### ७.१९. खानेपानीको श्रोत सम्वन्धि विवरण

मिक्वाखोला गाउँपालिकाका १७४२ घरधुरीमा खानेपानीको मुख्य र सहायक गरी २ वटा श्रोतको वारेमा सुचना संकलन गरिएकोछ। त्यो विवरण अनुसार यो गाउँपालिकाका ८३% घरधुरी पाइप धाराको पानी उपयोग गर्दछन। भौगोलिक रुपमा दुर्गम भएपनि खानेपानीको श्रोतका हिसावले यो गाउँपालिका सामान्य रहेकोछ। यहाँ मुख्य श्रोत र सहायक श्रोतका वारेमा छुट्टा टुट्टै विश्लेषण गरिएकोछ।

### ७.१९.१. खानेपानीको मुख्य श्रोत सम्वन्धि विवरण

यो गाउँपालिकाका ८३% अर्थात १४५४ घरधुरीमा खानेपानी पाइप मार्फत आउछ यसको अर्थ पानी वोक्नका लागि धेरै समय खर्चनु पर्दैन। पहाडी प्रदेशको सवैभन्दा ठुलो समस्या वन्दै गएको खानेपानीको अभाव यहाँ ३ वटा वडामा देखिए पनि वाड न ज१ र २ मा पानीको मुहान न्युन रहेकोले मुहान संरक्षण र खोजी आवश्यक देखिन्छ। वाँकी रहेका मध्ये १०६ घरधुरी कुवाको पानी उपयोग गरिरहेकाछन। जरुवा मुलकै पानि खाने घरधुरीको संख्या १८२ रहेको छ भने खोलाको पानी खाने घरधुरीको संख्या नभए पनी सुख्खा याममा केही घरधुरी ले प्रयोग गर्ने गरेको पाइन्छ। मिक्वाखोला गाउँपालिकाको खानेपानीको श्रोतको आधारमा वार्डस्तरीय विवरण तल प्रस्तुत गरिएकोछः

| वार्डनं | पाइपधारा | ट्युवेल | ईनार /कुवा | जरुवामूल | खोला/नदी | अन्य | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २७० | ० | ११ | ५७ | ० | ० | ३३८ | |
| २ | २४१ | ० | ४१ | ३४ | ० | ० | ३१६ | |
| ३ | ३२० | ० | २५ | १३ | ० | ० | ३५८ | |
| ४ | ४२२ | ० | २९ | ६३ | ० | ० | ५१४ | |
| ५ | २०१ | ० | ० | १५ | ० | ० | २१६ | |
| जम्मा | १४५४ | ० | १०६ | १८२ | ० | ० | १७४२ | |

श्रोतःघरधुरी सर्भेक्षण २०७५

### ७.१९.२. खानेपानीको सहायक श्रोत सम्वन्धि विवरण

यो गाउँपालिकाकामा रहेका १७४२ घरधुरी मध्ये ८ % अर्थात१३६ घरधुरीमा खानेपानीको वैकल्पिक श्रोत पनि रहेकोछ भने कुवा तथा जरुवा मुलको पानी प्रयोग गर्ने ५% का लागि वैकल्पिक खानेपानीको आवश्यकता देखिदैन। यसवाट पनि यहाँको पानी को समस्या वडा न १ र २ मा आवश्यक देखिन्छ। खानेपानी को वैकल्पिक श्रोत पनि स्थायी प्रकृतिको रहेको छ।। सरसफाई लाइ विषेश ध्यान दिने हो भने यहाँ खानेपानीको खास समस्या देखिदैन यसको व्यवस्थापन मात्र गरे पुग्छ। मिक्वाखोला गाउँपालिकाको वार्ड स्तरीय खानेपानीको वैकल्पिक श्रोत सम्वन्धि विवरण तल प्रस्तुत गरिएकोछ

| वार्ड नं | पाइप धारा | ट्युवेल | ईनार / कुवा | जरुवा मूल | खोला/ नदी | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ३२२ | ० | ० | ५ | ० | ३२२ | ३२७ |
| २ | | ० | ० | ४ | ३४ | ३७ | ७५ |
| ३ | ० | ० | ० | १० | ३ | ० | १३ |
| ४ | ० | ० | ० | ५४ | ९ | ० | ६३ |
| ५ | ० | ० | ० | १५ | ० | ० | १५ |
| जम्मा | ० | ० | ० | ८८ | ४६ | ८४२ | ४९३ |

श्रोतः घरधुरी सर्भेक्षण २०७५ असार

### ७.२०. खाना पकाउने चुल्हो सम्वन्धि विवरण

मिक्वाखोला गाउँपालिकाका विशेष गरि महिलाहरुको धेरै समय वित्ने भान्सामा कस्तो प्रकारको चुल्हो प्रयोग भइरहेको छ भन्ने प्रमुख विषय हो। हाल यो गाउँपालिकामा २४५ जना दम रोगी हुनु को पछाडी भान्साको धुवाँ पनि एउटा कारण हो त्यसैंल यसमा विशेष कार्यक्रम तयार गरेर अगाडी वढ्न सहज होस भनेर चुल्होको अवस्थाका वारेमा तथ्याङ्क संकलन गरिएकोछ। जसका आधारमा यो गाउँपालिकाका १७४२ घरधुरी मध्ये अझैपनि६१% अर्थात १०६७ घरधुरीमा परम्परागत चुल्होको प्रयोग भइरहेकोछ। त्यस्तै ३८% अर्थात ६६७ घरधुरीमा सुधारिएको चुल्हो प्रयोग भइरहेको छ। भने १% अर्थात १९ घरधुरीमा ग्यास चुल्हो प्रयोग भइरहेकोछ। समग्रमतामा यो गाउँपालिकामा भएका चुल्होहरुको वार्ड स्तरीय विवरण तल प्रस्तुत गरिएकोछः

| वार्ड नं | परम्परागत | सुधारिएको | भुषे | मट्टितेलचुल्हो | ग्यास चुल्हो | विद्यूतीय | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | २२० | १२३ | ० | ० | १५ | ० | ३३८ |
| २ | १८९ | १२५ | ० | ० | २ | ० | ३१६ |
| ३ | २०४ | १५४ | ० | ० | १ | ० | ३५८ |
| ४ | २८५ | २२९ | ० | ० | ० | ० | ५१४ |
| ५ | १८० | ३६ | ० | ० | १ | ० | २१६ |
| जम्मा | १०७८ | ६६७ | ० | ० | १९ | ० | १७४२ |

श्रोतः घरधुरी सर्भेक्षण २०७५ असार

### ७.२१. खाना पकाउने इन्धन सम्वन्धि विवरण

मिक्वाखोला गाउँपालिकाकाताप्लेजुङ जिल्लाको दुर्गम हिमाली गाउँपालिकाहो त्यसैले पनि यहाँ सुगम क्षेत्रमा पाउने सेवा सुविधाहरु पाउने संभावना कम र महंगो पर्छ । यहाँका कुल १७४२ घरधुरी मध्ये ६२% घरधुरीमा अझैपनि परम्परागत चुल्हो भएको र सुधारिएको चुल्हो पनि ३८% घरधुरीमा भएको हुनाले खाना पकाउने इन्धनको रुपमा दाउरा प्रयोग हुनेमा दुइमत छैन । हाल प्रयोग भइरहेको आधारमा खानापकाउने इन्धन को वार्ड स्तरीय विवरण तल प्रस्तुत गरिएकोछ ।

| वार्ड नं | दाउरा | LP ग्यास | गोवरग्यास | मट्टितेल | गुइठा | विद्यूत | जम्मा | एक भन्दा वढीश्रोत प्रयोग गर्ने |
|---|---|---|---|---|---|---|---|---|
| १ | ३४३ | १५ | ० | ० | ० | ० | ३३८ | |
| २ | ३१४ | २ | ० | ० | ० | ० | ३१६ | |
| ३ | ३५७ | १ | ० | ० | ० | ० | ३५८ | |
| ४ | ५१४ | ० | ० | ० | ० | ० | ५१४ | |
| ५ | २१५ | १ | ० | ० | ० | ० | २१६ | |
| जम्मा | १७२३ | १९ | ० | ० | ० | ० | १७४२ | |

श्रोतः घरधुरी सर्भेक्षण २०७५ असार

माथि उल्लेखित आधारमा ९९% घरधुरीमा दाउरा नै प्रमुख इन्धन हो भने १% घरधुरीमा ग्यास प्रमुख इन्धन हो । यसका अतिरिक्त वैकल्पिकरुपमा पनि इन्धनको प्रयोग गर्ने घरधुरीहरु रहेका छन हाल मिक्वाखोला गाउँपालिकाका १९ घरधुरीहरुमा खाना पकाउने इन्धनको वैकल्पिक व्यवस्थापन पनि देखिन्छ । जसमध्ये प्रमुख रुपमा ग्यास प्रयोग गर्ने १९ घरधुरीमा वैकल्पिक इन्धनको रुपमा दाउरा रहेको छ वाँकी घरधुरीमा दाउराको विकल्प दाउरा नै रहेको छ । वैकल्पिक इन्धन उपयोग गर्ने घरधुरीको वार्ड स्तरीय विवरण तल प्रस्तुत गरिएकोछः

| वार्ड नं | दाउरा | LP ग्यास | गोवरग्यास | मट्टितेल | गुइठा | विद्यूत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ० | १५ | ० | ० | ० | ० | १५ |
| २ | ० | २ | ० | ० | ० | ० | २ |
| ३ | ० | १ | ० | ० | ० | ० | १ |
| ४ | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | ० | १ | ० | ० | ० | ० | १ |
| जम्मा | ० | १९ | ० | ० | ० | ० | १९ |

श्रोतः घरधुरी सर्भेक्षण २०७५ असार

### ७.२२. उज्यालोको लागि वत्ती प्रयोग सम्वन्धि विवरण

मिक्वाखोला गाउँपालिकामा हाल सम्म केन्द्रिय विद्युत वलेको छैन तर वल्ने प्रकृयामा रहेकोछ। स्थानीय स्तरमा लघु जलविद्युत र सौर्य उर्जा उज्यालोको प्रमुख श्रोत हो। यो गाउँपालिकाका कुल १७४२ घरधुरी मध्ये ९५२ घरधुरी लघुजलविद्युत मार्फत उज्यालो प्रयोग गरिरहेकाछन भने ७६९ घरधुरीमा सोलार वत्ती उज्यालोको लागि प्रयोग भइरहेकोछ । वत्तीको लागि अन्य प्रयोगको अवस्था पनि देखिएको छ जसको विवरण तल प्रस्तुत गरिएकोछः

| वार्ड नं | सोलार | माइक्रोहाइड्रो | केन्द्रिय विद्युत | मट्टितेल | गोवरग्यास | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ३३० | ८ | ० | ० | ० | ० | ३३८ |
| २ | ३०९ | ० | ० | ० | ० | ७ | ३१६ |
| ३ | २५ | ३२४ | ० | ० | ० | १ | ३५८ |
| ४ | ४ | ५०४ | ० | ० | ० | ६ | ५१४ |
| ५ | १०१ | ११६ | ० | ० | ० | ६४ | २१६ |
| जम्मा | ७६९ | ९५२ | ० | ० | ० | ७८ | १७४२ |

श्रोतः घरधुरी सर्भेक्षण २०७५ असार

### ७.२३. सेवासुविधा उपलव्धता सम्वन्धि विवरण

सेवा सुविधा अन्तरगत सामान्यतया सुचना संचार यातायात भौतिक समाग्री आदीको विषयमा मिक्वाखोला गाउँपालिकाका कति घरधुरीमा कतिको पहुच रहेको छ भन्ने विषयलाई सेवा सुविधा उपलव्धताको विषय वनाइएकोछ। सुचना संचारमा रेडियो टेलिभिजन मोवाइल इन्टरनेट आदी विषयहरु समावेस गरिएका छन भने यातायात अन्तरगत मोटरसाइकल गाडी जस्ता विषयहरु समावेस गरिएका छन भने अन्य भौतिक समाग्रीमा फ्रिज कम्प्युटर जस्ता विषयहरु समावेस गरिएकाछन ।समग्रतामा हेर्दा पहिले संचार प्रमुख माद्यम भएको रेडियो अहिले टेलिभिजन इन्टरनेट मोवाइल आदीका कारणले प्रतिस्थापित हुदै गइरहेको अवस्था देखिन्छ। हाल यो गाउँपालिकाका १७४२ घरधुरी मध्ये ५५% अर्थात ९५९ घरधुरीमा रेडियो प्रयोग भइरहेकोछ। त्यसैगरी १९% अर्थात ३२३ घरधुरीले टेलिभिजन प्रयोग गरिरहेकाछन ।संचारको प्रमुख साधन मोवाइल अहिले बरीब २०४१ वटा प्रयोग भइरहेकोछ। त्यस्तै गरेर वटा गाडी छ भने ११ वटा मोटरसाइलकल र ३८ वटा कम्प्यूटर उहाँका घरधुरीमा प्रयोग भएको देखिन्छ। सेवा सुविधा उपव्धताको आधारमा वार्ड र जातीगत विवरण तल प्रस्तुत गरिएकोछ।

| वार्ड नं | जम्मा घरधुरी | सेवा सुविधा भएका घरधुरी | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रेडियो | टिभि | मोवाईल | इन्टरनेट | केवुल | गाडी | फ्रिज | मोटरसाइकल | कम्प्युटर |
| १ | ३३८ | १४४ | २६ | ६४२ | ६ | ० | ३ | ३ | २ | ३ |
| २ | ३१६ | १६३ | १५ | ३०४ | ३ | २ | २ | २ | २ | ८ |
| ३ | ३५८ | १९४ | ४८ | ३२३ | ३ | ० | ० | २ | ४ | १२ |
| ४ | ५१४ | ३०० | १७१ | ५९१ | २ | ६ | १ | २ | २ | १४ |
| ५ | २१६ | १५८ | ६३ | १८१ | ३ | ० | ० | १ | १ | १ |
| जम्मा | १७४२ | ९५९ | ३२३ | २०४१ | १७ | ८ | ६ | १० | ११ | ३८ |
| प्रतिशत | | ५५ | १९ | १०० | १. | | | | | |

श्रोतःघरधुरी सर्भेक्षण २०७५ असार

### ७.२४. सेवासुविधा उपयोग सम्वन्धि विवरण

माथि उल्लेखित सेवा सुविधा उपलव्ध भएका घरधुरीमा कुन सेवा सुविधा कतिको संख्यामा छ भन्ने आधारमा यसको उपयोग गणना गरिएकोछ। यो विश्लेषण देखाए अनुसार कम्प्यूटर गाडी फ्रिज केवुल इन्टरनेट एक घरधुरीमा एउटा मात्र रहेको छ भने रेडियो टेलिभिजन मोवाइल जस्ता वस्तुहरु एक भन्दा धेरै रहेकाछन। जसको विवरण वार्डस्तरीय रुपमा तल प्रस्तुत गरिएकोछ

| वार्ड नं | सेवा सुविधाको संख्यात्मक उपयोग | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | रेडियो | टिभि | मोवाईल | इन्टरनेट | केवुल | गाडी | फ्रिज | मोटरसाइकल | कम्प्युटर |
| १ | १४४ | २६ | ६४२ | ६ | ० | ३ | ३ | २ | ३ |
| २ | १६३ | १५ | ३०४ | ३ | २ | २ | २ | २ | ८ |
| ३ | १९४ | ४८ | ३२३ | ३ | ० | ० | २ | ४ | १२ |
| ४ | ३०० | १७१ | ५९१ | २ | ६ | १ | २ | २ | १४ |
| ५ | १५८ | ६३ | १८१ | ३ | ० | ० | १ | १ | १ |
| जम्मा | ९५९ | ३२३ | २०४१ | १७ | ८ | ६ | १० | ११ | ३८ |
| उपयोग गर्नेघरधुरी | | | | | | | | | |

### ७.२५.जीविकोपार्जन सम्वन्धि विवरण

कुनैपनि क्षैत्र गाउँ या जिल्लाकै विकासका लागि जीविकोपार्जन मा आत्मनिर्भरता को प्रमुख भुमिका हुने गर्दछ। खाद्यान्न आत्मनिर्भरता को विषयलाई हेरेर गरीवि नक्सांकन गर्दा सामान्यतया आफ्नो उत्पादनले कति समय सम्म खानपुग्छ भन्ने आधारमा गरिन्छ र त्यसलाई मुख्य ४ खण्डमा विभाजन गरिन्छ जसमा आफ्नो उत्पादनले ३ महिना सम्म खानपुग्ने , ६ महिना सम्म खानपुग्ने , ९ महिना सम्म खान पुग्ने र १२ महिना वा सो भन्दा वढी समय सम्म खानपुग्ने पर्दछन। विकास प्रकृयामा यो उपयुक्त विधि हैन किन भने यतिले मात्र गरीवि मापन गर्दा अधुरो हुन्छ त्यसैले यो गाउँपालिकाको हकमा अत्यन्तै सुक्ष्म विश्लेषण गरेर आफ्नो वार्षिक आम्दानीले (सवै क्षेत्रवाट प्राप्त) हरेक घरधुरीको कति समय सम्म जीविको पार्जन हुन्छ ? भन्ने आधारमा विश्लेषण गरिएकोछ। मुख्य रुपमा हरेक सदस्यका लागि आवश्यक पर्ने विभिन्न क्षेत्रहरु खाना, कपडा,शिक्षा,स्वास्थ्य, चाडपर्व, मनोरञ्जन, संचार, अम्मल लगायतका विषयमा हुने खर्चलाई विश्लेषण गरिएकोछ यसलाई पनि २ वटा प्रमुख खण्डहरुमा विभक्त गरि अध्ययन गरिएकोछ। पहिलो खण्ड अन्तरगत वैदेशिक रोजगारवाट प्राप्त आम्दानीलाई अलग गर्ने हो भने कति समय यो गाउँपालिकाले जीविकोपार्जन गर्न सक्छ भन्ने विश्लेषण गरिएको छ भने दोश्रो खण्डमा वैदेशिकरोजगार वाट प्राप्त आम्दानी समेतले कति समय जीविकोपार्जन हुन्छ भन्ने विश्लेषण गरिएको छ।

### ७.२५.१. वैदेशिक रोजगार विना जीविकोपार्जन सम्वन्धि विवरण

वैदेशिक रोजगार वाट प्राप्त भएको आम्दानीलाई अलग गरेर हेर्दा यहि गाउँपालिकाको कमाइले मिक्वाखोला गाउँपालिकाले अधिकतम साढे ४ महिना अर्थात १३२ दिन मात्र निर्वाह गर्न सक्छ भने वार्ड स्तरीय रुपमा हेर्दा सवैभन्दा कम वार्ड नं ३ ले १०७ दिन वा साढे ३ महिना र सवैभन्दा वढी ५ नं वार्ड ले १७८ , दिन वा करिब ५ महिना सम्म धान्न सक्छ त्यस्तै अन्य वार्डहरुमा २, १, ३ र ४ नं वार्डले १३१ , १२९ , ११४ र १०७ दिन मात्र धान्न सक्ने अवस्था रहेको छ। यो भन्दा अतिरिक्त समय निर्वाह गर्नका लागि दैनिक मजदुरी वा ऋण लिनुपर्ने अवस्था रहेकोछ। जीवन निर्वाहका आधारमा वार्ड स्तरीय जातीय विवरण तल प्रस्तुत गरिएकोछः

| वार्डनं | ३महिना सम्म पुग्ने | | | ६महिनासम्म पुग्ने | | | ९महिना सम्म पुग्ने | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | वाहुनक्षेत्री | जनजाती | दलित | वाहुन क्षेत्री | जनजाती | दलित | वाहुन क्षेत्री | जनजाती | दलित |
| १ | ९ | ७६ | १२ | ३९ | ६० | १८ | १४ | ३६ | ४ |
| २ | ५५ | १०६ | ११ | २४ | २९ | ५ | २७ | १९ | १ |
| ३ | ११ | ९९ | १ | ६ | १२१ | २ | १२ | ५१ | ० |
| ४ | ७ | २३७ | ६ | ० | १३९ | ३ | ० | ५३ | २ |
| ५ | ० | २२ | ० | ० | ६९ | ० | ० | ४१ | ० |
| जम्मा | ८२ | ५४० | ३० | ६९ | ४१८ | २८ | ५३ | २०० | ७ |

श्रोतः घरधुरी सर्भेक्षण २०७५ असार

| वार्ड नं | १२महिना सम्म पुग्ने | | | १२महिना भन्दा वढी | | | आप्नो कमाइले जिविको पार्जन गर्ने | |
|---|---|---|---|---|---|---|---|---|
| | वाहुनक्षेत्री | जनजाती | दलित | वाहुन क्षेत्री | जनजाती | दलित | महिना | दिन |
| १ | २३ | २५ | ३ | ६ | ११ | २ | ४ | १२९ |
| २ | १७ | ५ | ० | १० | ७ | ० | ४ | १३४ |
| ३ | १२ | २६ | ० | ० | १७ | ० | ४ | ११५ |
| ४ | ० | २७ | २ | ३ | ३५ | ० | ४ | १०७ |
| ५ | ० | ५५ | ० | ० | २९ | ० | ६ | १७२ |
| जम्मा | ५२ | १३८ | ५ | १९ | ९९ | २ | ५ | ६५७ |

श्रोतः घरधुरी सर्भेक्षण २०७५ असार

माथि उल्लेखित विवरणलाई यो गाउँपालिकामा रहेका वाहुनक्षेत्री २७५ घरधुरी जनजाती १३९५ घरधुरी र दलित ७२ घरधुरीका आधारमा प्रतिशतमा निकाली अध्ययन गर्न सजिलो होस भनेर स्तम्भ चित्र मार्फत तल प्रस्तु गरिएको छ।















*नोटः उल्लेखित स्तम्भ चित्रमा जातीय कुल संख्याको आधारमा % गणना गरिएको हुनाले जातीय %जोड्दा मात्र १०० हुन्छ*

माथि उल्लेखित विवरण अनुसार मिक्वाखोला गाउँपालिकामा संख्यात्मक रुपमा जीवन निर्वाह गर्न सक्ने परीवार मा वाहुन क्षेत्री १९% (वाहुन क्षेत्रीकै कुल जनसंख्याको) जनजाती १९% (जनजातीकै कुल जनसंख्याको) र दलित ९% (दलितकै कुल जनसंख्याको ) घरधुरी रहेका छन। यसरी हेर्दा कुल ३२० घरधुरी सम्पन्न देखिएका छन जुन कुल घरधुरी संख्याको १६% हुन आउछ भने अझै १४२२ अर्थात ८४% घरधुरी गरीब रहेका छन । कुल ८४% गरीब घरधुरी मध्ये ६५२ अर्थात ३७% अति गरीव ,५१५ अर्थात २९% मध्यम गरीव र २६० अर्थात १५% गरीव घरधुरी रहेकाछन।

**७.२५.२. वैदेशिक रोजगार सहित जीविकोपार्जन सम्वन्धि विवरण**

हाल नेपाल नै रेमिट्यान्स वाट चलिरहेको अवस्थाछ। बिदेशमा काम गर्न गृका नेपालीहरुले विदेशवाट पठाएको रकमले यहाँको जीवन निर्वाहमा महत्वपुर्ण भुमिका निर्वाह गरेको छ। मिक्वाखोला गाउँपालिका वाट पनि ४७४ जना युवाहरु वैदेशिक रोजगारमा गएका छन र उनीहरुले पठाएको पैसाले यहाँको पनि जीविकोपार्जन भइरहेकोछ। तत्कालको अवस्थामा रेमिट्यान्स सहितको आम्दानीले यो गाउँपालिकाको कुल खर्च धान्न सकेको देखिन्छ अर्थात एक वर्षको आम्दानीले यो गाउँपालिकाको खर्च पुरा गरि १ करोड ४५ लाख ६६ हजार वचत हुने अवस्था देखिन्छ। वार्ड स्तरीय रुपमा हेर्दा कुनै पनी वार्डलाई जीवन निर्वाहका लागि वार्षिक आम्दानिले धान्न सकेको देखिदैन भने सवैमा करीव ६ महिना मात्र धान्न सकेको देखिन्छ। सवै भन्दा वलियो वार्ड नं ५ परेको छ जसको एक वर्षको आम्दानीले ८ महिनाको खर्च धान्ने देखिन्छ। त्यस्तै अन्य वार्ड हरुमा वार्ड नं एक¸र दुइको वार्षिक आम्दानीले ७ महिना धान्ने देखिन्छ भने बाँकी वडाको करीब ५ महिना मात्र धान्न सकेको देखिन्छ। घरधुरी स्तरमा यो तथ्याङकलाई विश्लेषण गर्दा यो गाउँपालिकाका कुल १७४२ घरधुरी मध्ये हाल ४९० अर्थात ३९ % घरधुरी को मात्र जीवन निर्वाह हुन सकेको छ भने अझै पनि १२५२ अर्थात ६१ % घरधुरी गरिविको रेखामुनी रहेकाछन। वैदेशिक रोजगार सहितको आम्दानी वाट जीवन निर्वाहका आधारमा वार्ड स्तरीय जातीय विवरण तल प्रस्तुत गरिएकोछः

| वार्डनं | ३महिना सम्म पुग्ने | | | ६महिनासम्म पुग्ने | | | ९महिना सम्म पुग्ने | | |
